जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ५१ • २०८३ साल आषाढ २६ गते शुक्रबार (10 July, Friday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## मधेशमा प्रधानमन्त्री साहको पुतलादहन

# मौलापुरमा प्रमुख प्रशासकीय अधिकृत नपठाएको विरोध चर्कियो

टुडे समाचारदाता

रौतहट । रौतहटको मौलापुर नगरपालिकामा लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत नपठाइएको भन्दै स्थानीयले आन्दोलनलाई थप चर्काएका छन् । मौलापुरमा बिहीबार स्थानीयले प्रधानमन्त्री बालेन्द्र साह (बालेन) को पुतला दहन गर्दै संघीय सरकारविरुद्ध नाराबाजीसमेत गरेका छन् । नगरपालिकाको प्रशासनिक नेतृत्व रिक्त हुँदा बजेट कार्यान्वयन, विकास निर्माण, कर्मचारी तलब तथा विभिन्न सामाजिक कार्यक्रम प्रभावित भएको भन्दै उनीहरूले तत्काल प्रमुख प्रशासकीय अधिकृत खटाउन माग गरेका छन् ।

प्रदर्शनका क्रममा आन्दोलनकारीहरूले 'मौलापुरको बजेट फ्रिज गराउने बालेन सरकारविरुद्ध कडा रुपमा प्रदर्शन गर्दै मौलापुरमा हाकिम पठाउ, 'सम्मानित अदालतको आदेश पालना गर', 'मौलापुरलाई हाकिमविहीन बनाउने षड्यन्त्र बन्द गर' लगायतका नाराबाजी गरेका थिए ।

स्थानीयले जनाए अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यसअघि प्रमुख प्रशासकीय अधिकृतका रूपमा सुरेशबाबु घिमिरेलाई मौलापुरमा सरुवा गरेको थियो । तर उनले नगरपालिकामा हाजिर नगरेपछि मन्त्रालयले उनलाई फिर्ता बोलायो। त्यसयता नयाँ प्रमुख प्रशासकीय अधिकृत नखटाइँदा नगरपालिकाको दैनिक प्रशासनिक तथा वित्तीय कार्य ठप्पजस्तै बनेको स्थानीयको आरोप छ ।



मौलापुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा विकास निर्माणका योजनाको कार्यान्वयन, बजेट खर्च, उपभोक्ता समितिलाई भुक्तानी, सामाजिक सुरक्षा तथा अन्य आर्थिक कारोबार प्रभावित भएका छन् । नगर शिक्षकहरूले छ महिनादेखि तलब नपाएको भन्दै यसअघि पेन डाउन आन्दोलन गरेका थिए । बहुक्षेत्रीय पोषण कार्यक्रमका लाभग्राही तथा सरसफाइ कर्मचारीले समेत लामो समयदेखि भुक्तानी नपाएको गुनासो गर्दै आएका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले समेत मौलापुरमा प्रमुख प्रशासकीय अधिकृत नपठाएर स्थानीय तहलाई समस्यामा पारेकी छन् । उनीहरूले संघीय सरकारले राजनीतिक पूर्वाग्रहका आधारमा नगरपालिकालाई कर्मचारीविहीन बनाएको आरोपसमेत लगाएका छन् ।

यसैबीच सर्वोच्च अदालतले मौलापुर नगरपालिकाले सञ्चालन गर्दै आएका निःशुल्क विद्युत् तथा खानेपानीलगायतका कार्यक्रमको भुक्तानी नरोक्न अन्तरिम आदेश जारी गरेको भए पनि प्रमुख प्रशासकीय अधिकृतको अभावका कारण उक्त आदेशसमेत प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन ।

नगर प्रमुख रीना साहले पनि संघीय सरकारले जानाजान प्रमुख प्रशासकीय अधिकृत नपठाएर नगरपालिकालाई प्रशासनिक संकटमा धकेलेको आरोप लगाएकी छन् । बजेट कार्यान्वयनको अत्यन्त संवेदनशील समयमा प्रशासनिक प्रमुख रिक्त राखिँदा विकास निर्माण, सेवा प्रवाह तथा वित्तीय अनुशासनमा गम्भीर असर परेको उनको भनाइ छ ।

मौलापुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको अभाव नयाँ विषय भने होइन । विगत केही वर्षदेखि संघीय सरकारसंग प्रमुख प्रशासकीय अधिकृतको माग गर्दै नगरपालिकाले पटक-पटक आन्दोलन गर्दै आएको छ ।

यस अघि पनि संघीय सरकारले खटाएका प्रमुख प्रशासकीय अधिकृत समयमै हाजिर नहुने, केही दिनमै फिर्ता हुने वा सरुवा गरिने क्रम दोहोरिँदा नगरपालिकाको प्रशासनिक कामकाज प्रभावित हुँदै आएको थियो । त्यसका विरोधमा नगरपालिकाले मन्त्रालयमा पटक-पटक पत्राचार गरेको थियो भने स्थानीय, जनप्रतिनिधि तथा विभिन्न राजनीतिक दलले संयुक्त रूपमा प्रदर्शनसमेत गरेका थिए ।

नगर प्रमुख रीना साह नेतृत्वको टोलीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पुगेर तत्काल प्रमुख प्रशासकीय अधिकृत पठाउन पटक-पटक माग गरेको थियो । मन्त्रालयले आवश्यक पहल गर्ने आश्वासन दिए पनि समस्या समाधान हुन नसकेको नगरपालिकाको गुनासो छ ।

यसअघि पनि प्रमुख प्रशासकीय अधिकृत अभावकै कारण नगरसभा प्रभावित भएको, विकास निर्माणका योजना रोकिएको, कर्मचारीको तलब वितरणमा ढिलाइ भएको तथा ठेक्का र भुक्तानी प्रक्रिया अवरुद्ध भएको अवस्था सिर्जना भएको थियो । त्यतिबेला पनि स्थानीयले धर्ना, विरोध प्रदर्शन तथा दबाबमूलक कार्यक्रम सञ्चालन गरेका थिए ।

स्थानीय तहको प्रमुख प्रशासनिक संयन्त्रका रूपमा रहने प्रमुख प्रशासकीय अधिकृत बजेट कार्यान्वयन, वित्तीय स्वीकृति, कर्मचारी व्यवस्थापन, प्रशासनिक निर्णय तथा सरकारी भुक्तानी प्रक्रियाका मुख्य जिम्मेवार अधिकारी हुन् । उक्त पद लामो समय रिक्त रहँदा स्थानीय सरकारको सेवा प्रवाह नै प्रभावित हुने अवस्था देखिएको छ ।

मौलापुर नगरपालिकामा अहिले विकास निर्माणका योजनाको भुक्तानी रोकिएको, कर्मचारीले तलब नपाएको, उपभोक्ता समितिले रकम नपाएको तथा सामाजिक कार्यक्रमसमेत प्रभावित भएको स्थानीयको भनाइ छ ।

आन्दोलनरत स्थानीयले राजनीतिक पूर्वाग्रहभन्दा माथि उठेर संघीय सरकारले तत्काल प्रमुख प्रशासकीय अधिकृत खटाउनुपर्ने माग गरेका छन् । नगरपालिकालाई लामो समयसम्म प्रशासनिक नेतृत्वविहीन राख्दा स्थानीय सरकारको संवैधानिक अधिकार, सेवा प्रवाह र विकास प्रक्रिया नै अवरुद्ध भएको भन्दै उनीहरूले समस्या समाधान नभए आन्दोलनलाई अझ सशक्त बनाउने चेतावनी दिएका छन् ।

मौलापुरमा प्रमुख प्रशासकीय अधिकृतको अभावलाई लिएर विगतदेखि जारी विवाद फेरि एकपटक चर्किएको छ । आन्दोलन, पेन डाउन, सर्वोच्च अदालतको आदेश, बजेट कार्यान्वयनमा देखिएको अवरोध र अब प्रधानमन्त्रीको पुतला दहनसम्म पुगेको घटनाक्रमले संघीय सरकार र स्थानीय तहबीचको प्रशासनिक समन्वयमाथि गम्भीर प्रश्न उठाएको स्थानीयको भनाइ छ ।

## स्रोत नखुलेपछि बलराम गुप्ताको ७३ लाख रुपैयाँसमेत जफत

टुडे समाचारदाता

जनकपुरधाम । विशेष अदालतले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) सम्बन्धी मुद्दामा ६ किलो सुनसहित पक्राउ परेका बलराम प्रसाद गुप्ताबाट बरामद भएको ७३ लाख ३० हजार ५ सय रुपैयाँ जफत गर्ने फैसला गरेको छ ।

विशेष अदालतका न्यायाधीश हेमन्त रावल, डिल्ली रत्न श्रेष्ठ र उमेश कोइरालाको संयुक्त इजलासबाट नगद रकमको वैध स्रोत पुष्टि हुन नसकेको ठहर गर्दै उक्त रकम राज्यको पक्षमा जफत हुने फैसला सुनाएको छ ।

यसअघि गुप्ताको साथबाट ६ किलो सुन र ७३ लाख ३० हजार ५ सय रुपैयाँ नगद बरामद भएको थियो। सुनको सम्बन्धमा उनी 'सुन चोरी निकासी-पैठारी' मुद्दामा दोषी ठहर भइसकेका छन् । सोही मुद्दाको आधारमा सरकारी पक्षले बरामद नगदसमेत अवैध सुन कारोबारबाट आर्जित भएको दाबी गर्दै सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा दायर गरेको थियो ।

अदालतले सुनुवाइका क्रममा गुप्ताले नगद रकमको वैध स्रोत पुष्टि गर्न नसकेको निष्कर्ष निकालेको छ । वैध आयबाट प्राप्त भएको प्रमाण पेश गर्न नसकिएकाले उक्त रकम अवैध कारोबारबाट आर्जित भएको ठहर गर्दै जफत गर्ने निर्णय गरिएको छ ।

# विष्णुपुरका प्रमुख प्रशासकीय अधिकृतसहितविरुद्ध मुद्दा दायर

टुडे समाचारदाता

सिरहा । सिरहाको विष्णुपुर गाउँपालिकामा रहेको साना किसान कृषि सहकारी संस्था लिमिटेड मार्फत धान प्रशोधन उद्योग स्थापना गर्ने नाममा प्राप्त सरकारी अनुदान रकम अनियमित ढंगले खर्च गरी हिनामिना गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ले विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रविन्द्र कुमार महत सहित सहकारी संस्था, उपभोक्ता समिति तथा योजनामा संलग्न अन्य प्रतिवादीविरुद्ध आरोपपत्र दायर गरेको जनाएको छ ।

आयोगका अनुसार साना किसान कृषि सहकारी संस्थाका प्रबन्धक, सञ्चालक समिति तथा अन्य सरोकारवालाहरूको मिलेमतोमा उपभोक्ता समिति गठन गरी फर्जी मूल्यांकन प्रतिवेदन तयार पारिएको तथा त्यसकै आधारमा सरकारी रकम भुक्तानी गरिएको भन्ने उजुरी परेपछि अनुसन्धान शुरु गरिएको थियो ।

अनुसन्धानबाट प्रतिवादीहरूले आपसी मिलेमतोमा बदनियतपूर्वक नेपाल सरकार र गाउँपालिकाको रकम आफूहरूलाई लाभ पुग्ने गरी दुरुपयोग तथा हिनामिना गरेको पुष्टि भएको आयोगले जनाएको छ ।

आर्थिक वर्ष २०७७/०७८ मा संघीय सरकारको सशर्त अनुदान कार्यक्रम अन्तर्गत कृषि सहकारी संस्थामार्फत ५० प्रतिशत लागत साझेदारीमा धान प्रशोधन उद्योग स्थापना गर्न ५० लाख रुपैयाँ बजेट स्वीकृत गरिएको थियो ।

सार्वजनिक खरिद नियमावली अनुसार जनसहभागिताको अंशसमेत समावेश भएको लागत अनुमान एक करोड रुपैयाँसम्मको निर्माण कार्य उपभोक्ता समितिमार्फत गराउन सकिने व्यवस्था छ । तर उक्त कानुनी व्यवस्थाविपरीत १ करोड ११ लाख २ हजार ५० रुपैयाँ ८ पैसाको लागत अनुमान स्वीकृत गरी योजना सम्झौता गरिएको अख्तियारको आरोप छ ।




त्रिपक्षीय सम्झौता अनुसार परियोजनाको लागत नेपाल सरकारको अनुदान र सहकारी संस्थाको साझेदारीबाट ५०/५० प्रतिशतका दरले व्यहोर्नुपर्ने व्यवस्था थियो ।

तर गाउँपालिकाले नेपाल सरकारबाट प्राप्त ५० लाख रुपैयाँ अनुदानमध्ये कर कट्टा गरी बाँकी रहेको ४९ लाख २० हजार ९०३ रुपैयाँ एकमुष्ट रूपमा उपभोक्ता समितिलाई भुक्तानी गरेको अख्तियारले जनाएको छ ।

आयोगले जनाए अनुसार साना किसान कृषि सहकारी संस्था लिमिटेडबाट अनिवार्य रूपमा ५० प्रतिशत लागत साझेदारी सुनिश्चित गराउनुपर्ने कानुनी दायित्व गाउँपालिकाले पूरा नगरी सम्पूर्ण सरकारी रकम उपभोक्ता समितिलाई उपलब्ध गराइएको थियो, जसले सार्वजनिक स्रोतको दुरुपयोग भएको देखिएको छ ।

आयोगले गरेको अनुसन्धानका क्रममा धान प्रशोधन उद्योग स्थापना गर्ने उद्देश्यले निर्माण गरिएको योजना हालसम्म पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको पाइएको छ ।

आयोगले जारी गरेको विज्ञप्तिअनुसार निर्माण गरिएको संरचना अपूर्ण, जीर्ण तथा प्रयोगविहीन अवस्थामा रहेको छ । निर्माण गरिएका संरचना कुनै पनि प्रयोजनका लागि उपयोग गर्न सक्ने अवस्थामा नरहेको तथा राज्यको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको आयोगको निष्कर्ष छ ।

नेपाल सरकारको सम्पत्तिमा हानी-नोक्सानी पुऱ्याउने कार्यमा गाउँपालिकाका जिम्मेवार कर्मचारी, सहकारी संस्थाका पदाधिकारी तथा उपभोक्ता समितिका व्यक्तिहरूको संलग्नता पुष्टि भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीहरूविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले प्रतिवादीहरूबाट भ्रष्टाचार निवारण ऐनबमोजिम बिगो असुलउपर, जरिवाना तथा कैद सजायको माग गर्दै विशेष अदालत काठमाडौंमा आरोपपत्र दर्ता गरेको जनाएको छ ।

**सूचना !     सूचना !!     सूचना !!!**


कोषको शाखा कार्यालय, जनकपुरबाट विभिन्न मितिमा घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, सरल सापटी (साबिक सरल चक्र कर्जा) र जग्गा खरिद सापटी लिएका ऋणी सञ्चयकर्ताले आ.ब. २०८२/८३ को अन्तिम तथा चौंथो त्रैमासमा कोषलाई भुक्तानी गर्नुपर्ने किस्ता बापतको रकम मिति २०८३ असार मसान्तभित्र बुझाउनुहुन अनुरोध छ । नियमित त्रैमासिक किस्ता भुक्तानी गर्ने ऋणी सञ्चयकर्तालाई कोषले त्रैमास ब्याजमा ०.२५ प्रतिशत ब्याज छुट दिने व्यवस्था रहेको छ । सापटीको किस्ता नियमित नगरेको अवस्थामा कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता कर्जा असुली विनियम, २०७९ बमोजिम असुली प्रक्रियामा जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

**कोषमा रकम भुक्तानी गर्ने प्रक्रिया :**

| | |
|---|---|
| KYC Update गरेका सञ्चयकर्ताले | • Connect IPS Login गरी Semi–Govt (Sansthan) मा Click गरी,<br>• Mobile मा कोषको EPF App Download गरी EPF App भित्र रहेको Loan Payment Option मा Click गरी,<br>• आफ्नो Bank को Banking App भित्र रहेको Payment मा गई Pension Fund भित्र रहेको कर्मचारी सञ्चय कोषमा Click गरी,<br>• कोषको website epf.org.np मा गई Individual Login गरी Loan Payment मा Click गरी, |
| KYC Update नगरेका / अवकाश हुनुभएका सञ्चयकर्ताले, | • कोषले तोकेका बैंक खाता मार्फत कोषको खातामा रकम जम्मा गरी भौचर कोष कार्यालय जनकपुरमा उपलब्ध गराउन वा janakpur@epf.org.np मा उक्त भौचर ईमेल गरी पठाउन सकिनेछ । |

**कर्मचारी सञ्चय कोष**
शाखा कार्यालय, जनकपुर
फोन : ०४१-४२२१६७/४२२१६६/४२२१६५





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जानकी मन्दिर संरक्षणको आवश्यकता

संसारभरिको हिन्दूहरुको आस्थाको केन्द्र जनकपुरधामको जानकी मन्दिरको संरक्षण आवश्यक भएको छ । नेपालको अनुपम वास्तुकला मध्येको एक जानकी मन्दिरको निर्माण भारत राजस्थानको टिकमगढकी महारानी कुमारी वृषभानुले गराएकी हुन् । जनकपुरधामको हालको अवस्था भन्दा चार दशक पूर्वको अवस्था धेरै राम्रो थियो । जनकपुरधामलाई तलाउ र मठमन्दिरको धार्मिक, सांस्कृतिक सहरको रुपमा चिनिन्छ । विश्वप्रसिद्ध नेपाली धरोहर जानकी मन्दिरको संरक्षण समयमै हुन नसके पछि पश्चाताप गरेरपनि जोगिन सकिदैन । जानकी मन्दिरको संरक्षणमा सबै पक्षको ध्यान जान आवश्यक छ । जानकी मन्दिरमा अनेक प्रकारको समस्या देखिएको छ । मनपरी ढंगले मन्दिरको संरचनामा छेडछाड गर्ने, हिल्टी चलाउने, जथाभावी रंगपेन्ट गरिने, टायल्स, मार्वल लगाएर मन्दिरलाई कुरुप बनाउने अक्षम्य अपराध भइरहेको छ। जानकी मन्दिर पुरिने क्रम रोकिएको छैन। मन्दिरको भित्री र बाहिरी परिसर धेरै अग्लो भइसकेको छ । विगतमा जानकी मन्दिरको बाहिरी परिसरबाट भित्र जान सिढी चढनुपर्थ्यो । अहिले भित्र र बाहिरको परिसर समान भएको छ। मन्दिरको गर्भगृह भएको संरचनामा समेत अनधिकृत रुपमा विभिन्न प्रकारले संरचनामा क्षति पुऱ्याउने कार्य भइरहेको छ । जानकी मन्दिरको मौलिकतालाई क्षतबिक्षत बनाइएको छ । हाल गुठी संस्थानले जनकपुरधाममा अतिक्रमित जग्गा, पोखरी र त्यसको डिल, मन्दिर वरिपरिको जग्गाको अतिक्रमण हटाउन सुझाव कार्यान्वयन समिति गठन गरेको छ। त्यसले जनकपुरधामको धार्मिक र सांस्कृतिक क्षेत्रलाई जोगाउन सकारात्मक कार्य गर्ने धेरैको विश्वास छ। गुठी संस्थानले आफ्नो जग्गाको संरक्षण गर्नपनि आवश्यक छ। गुठीको जग्गा अतिक्रमणमा बिगतमा धेरै निकाय संलग्न थिए। तर अहिले अवस्था फरक छ। गुठीले चाहे व्यवस्थित रुपमा जग्गाको व्यवस्थापन गर्न सक्छ । मठमन्दिरको सहरमा मन्दिर खोज्न किताबको पृष्ट पल्टाउनुपर्ने अवस्था छ । सरकारले गरेको निर्णयलाई सकारात्मक रुपमा लिइएको छ । जनकपुरधामको मुल पहिचान नै जानकी मन्दिर रहेकोले पहिले त्यसको संरक्षण सम्बर्द्धन गर्न आवश्यक छ । मन्दिरको सञ्चालन महन्थ परम्पराले भइरहेको छ । त्यसकारण सरकारले मन्दिरका महन्तसित समन्वयगरि कार्य अगाडि बढाए बढी प्रभावकारी हुनेछ । गुठीले जग्गाको अतिक्रमण हटाउन आवश्यक छ । तर गुठी संस्थानले जानकी मन्दिरबाट लगेको बहुमुल्य गरगहनाहरु फिर्ता दिनपनि आवश्यक छ। सरकारले जानकी मन्दिरको सम्पत्ति फिर्ता गराउन सकारात्मक पहल गर्नुपर्छ । मन्दिरको कयौं बिघा जमिनको भन्दा बढी मुल्यको गरगहनाहरु मन्दिरबाट गुठीले लगेको छ । त्यसको भर्पाई अझै मन्दिरमा रहेको छ। त्यो फिर्ता हुनुपर्छ। गुठी संस्थानले यहाँबाट असुल गर्ने राजस्व यहाँको विकासमा लगाउनुपर्छ । गुठी संस्थानको पछिल्लो कार्यले जनकपुरधामको विकासमा ठोस योगदान पुऱ्याउनेमा धेरैको विश्वास छ ।

# घिमिरेको नयाँ कार्यान्वयन समितिले इतिहास बचाउँला कि विगतकै नियति दोहोराउला ?



● प्रफुल्ल घिमिरे

जनकपुरधाम नेपालको एउटा सामान्य नगर नभएर मिथिला सभ्यताको उद्गमस्थल हो। माता जानकीको जन्मभूमि, वैदिक दर्शनको केन्द्र र हजारौं वर्षदेखि धार्मिक, सांस्कृतिक ऐतिहासिक चेतनाको जीवन्त प्रतीक हो। यहाँका प्रत्येक मठ, मन्दिर, कुटी, पोखरी, कुण्ड, बगैँचा, इनार र गुठीका तैनाथी जग्गाले केवल भौतिक सम्पत्तिको प्रतिनिधित्व गर्दैनन्, ती हाम्रो सभ्यता, संस्कृति, आस्था र राष्ट्रिय पहिचानका अभिन्न अंश हुन्। त्यसैले यी सम्पदामाथि भएको अतिक्रमणलाई केवल जग्गा विवादको रूपमा बुझ्न इतिहास प्रतिको अन्याय हुनेछ।

विगत केही दशकदेखि जनकपुरधामका धार्मिक तथा सांस्कृतिक सम्पत्तिमाथि निरन्तर अतिक्रमण हुँदै आएको विषय स्थानीयदेखि राष्ट्रिय तहसम्म पटक-पटक उठ्दै आएको छ। तर आवाज उठे पनि परिणाम भने निराशाजनक रह्यो। यही पृष्ठभूमिमा केन्द्रीय गुठी संस्थानले २०८३ जेठ ३० गते गोर्खा पत्रमा सार्वजनिक सूचना जारी गर्दै धनुषा जिल्लाका राजगुठी अन्तर्गत रहेका मठ-मन्दिर, पोखरीका डिल तथा तैनाथी जग्गामा भएका अतिक्रमण हटाउन सम्बन्धित पक्षलाई जानकारी दियो। त्यसको केही समयपछि २४ असारमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गुठी संस्थानका गुठी प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा नौ सदस्यीय कार्यान्वयन समिति गठन गऱ्यो।

यो निर्णय सामान्य प्रशासनिक प्रक्रिया मात्र जस्तो देखिएको छैन। यदि यो निर्णय इमानदारीपूर्वक कार्यान्वयन भयो भने जनकपुरधामको सांस्कृतिक पुनर्जागरणको आधार बन्न सक्छ। मन्त्रालयले गठन गरेको समितिमा जिल्ला प्रशासन कार्यालय धनुषा, जिल्ला समन्वय समिति, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, भूमि प्रशासन कार्यालय, नापी कार्यालय तथा गुठी संस्थान शाखा कार्यालयका प्रतिनिधिहरूलाई समेटिएको छ। समितिलाई मन्दिर परिसर, पोखरी, पोखरीका डिल तथा गुठीका अतिक्रमित जग्गाको पहिचान गर्ने, रेखाङ्कन गर्ने, सम्बन्धित व्यक्तिलाई सूचना दिने, आवश्यक परे स्थानीय प्रशासन र स्थानीय तहसँग समन्वय गरी अतिक्रमण हटाउने तथा मन्त्रालयमा प्रगति प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको छ।

समितिले २०६२ सालको उच्चस्तरीय कार्यदल, २०६८ सालको हरि बखतीको संयोजकत्वमा गठित आयोग, २०७६ सालको सरकारी, सार्वजनिक तथा गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग र त्यसपछिका विभिन्न अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका सिफारिस कार्यान्वयन गर्ने जिम्मेवारी पनि पाएको छ। यसले एउटा सकारात्मक सन्देश दिएको छ–अब नयाँ अध्ययन होइन, विगतका अध्ययन प्रतिवेदनहरू कार्यान्वयन हुने भएको छ।

तर विगतका समिति-आयोगहरू हेर्दा के यो समिति विगतका समिति र आयोगभन्दा फरक साबित हुन सक्ला र? यो प्रश्न स्वाभाविक छ, किनभने जनकपुरधामले प्रतिवेदन धेरै देखेको छ, परिणाम भने अत्यन्त कम। विगतमा बनेका अधिकांश समितिले अध्ययन गरेर फर्किए। प्रतिवेदन मन्त्रालयमा बुझाए। कार्यान्वयन भएन। तर मन्त्री परिषदद्वारा भोजराज घिमिरेको अध्यक्षतामा गठित उच्चस्तरीय आयोगको प्रतिवेदन कार्यान्वयन गर्न मन्त्री परिषदले नै निर्णय समेत गर्यो। राज्यले सामर्थ्य देखाउन सकेन। समाचार बने। केही दिन चर्चा भयो। त्यसपछि सबै कुरा सेलायो। अतिक्रमण भने झन् बढ्दै गयो।

जनकपुरधामको वास्तविक पीडा यही हो। आज राजगुठी अन्तर्गत श्री राम मन्दिर, श्री जानकी मन्दिर, श्री लक्ष्मण मन्दिर, श्री रत्न सागर गुठी, श्री कुवा मठ गुठी (कुपेश्वरनाथ महादेव), श्री हनुमाननगर मठ स्थान, श्री बिरख कुटी, श्री राधाकृष्ण भगवान विरपुर कुटी, श्री बराही कुटी, श्री कपिलेश्वरनाथ महादेव स्थान गुठी, श्री जनक मन्दिर, तोताद्री मठ रानीपाटी, ईटहर्वा मठ प्राणेश्वरनाथ महादेव गुठी, तरही मठ स्थान गुठी, धनौजी स्थान मठ, भोयल मठ स्थान, श्री रामजानकी दुल्हा-दुलही भगवान बेला निकास कुटी, श्री कुमरौडा भगवती गुठी, श्री गिरनारी कुटी सन्यास आश्रम, श्री महाकालेश्वरनाथ, श्री गौरीशंकरनाथ महादेव मन्दिर तथा श्री कुम्हार कुटी जस्ता अनेकौं धार्मिक सम्पदाहरू विभिन्न प्रकारका दबाब र अतिक्रमणको सामना गरिरहेका छन्।

त्यसैगरी गुठी संस्थान अन्तर्गत रहेका थुप्रै पोखरीहरुले आफ्नो मौलिक स्वरूप गुमाउँदै गएका छन्। छुट गुठी अन्तर्गत रहेका केही लोप भइसकेका छन् भने केही अस्तित्व जोगाउने अन्तिम संघर्षमा छन्।

यी सम्पदाको संरक्षण केवल धार्मिक कर्तव्य होइन, यो वातावरणीय आवश्यकता पनि हो। जनकपुरधामका ऐतिहासिक पोखरीहरूले वर्षौंसम्म वर्षाको पानी सञ्चय गर्ने, भूजल पुनर्भरण गर्ने, तापक्रम सन्तुलन कायम राख्ने तथा धार्मिक-सामाजिक जीवनलाई जीवन्त बनाउने काम गरेका थिए। आज ती पोखरी पुरिँदा केवल पानीको स्रोत हराएको छैन, सम्पूर्ण नगरको पर्यावरणीय सन्तुलन नै खल्बलिएको छ।

यसैले ध्रुव घिमिरे नेतृत्वको कार्यान्वयन समितिको सफलता मन्दिर वा पोखरीबाट अतिक्रमण हटाउने मात्र होइन, जनकपुरधामको सम्पूर्ण सांस्कृतिक, धार्मिक र प्राकृतिक संरचना पुनर्जीवित गर्ने दीर्घकालीन अभियानका रूपमा मूल्याङ्कन गरिनुपर्छ। तर त्यसका लागि पहिलो सर्त हो–राजनीतिक हस्तक्षेपबाट मुक्त, कानुनी र निष्पक्ष कार्यान्वयन।

जनकपुरधामका गुठी सम्पत्तिमाथिको अतिक्रमण कुनै आकस्मिक घटना होइन। यो दशकौंसम्म राज्यको कमजोरी, प्रशासनिक उदासीनता, राजनीतिक संरक्षण, संस्थागत बेवास्ता र कानुनी शासनको कमजोर कार्यान्वयनको परिणाम हो। प्रत्येक राजनीतिक परिवर्तनसँगै गुठीका जग्गा, मठ-मन्दिरका तैनाथी क्षेत्र, ऐतिहासिक पोखरीका डिल तथा धार्मिक सम्पत्तिमाथि क्रमशः अतिक्रमण बढ्दै गयो। संरक्षण गर्ने निकायहरू मौन बसे, जिम्मेवार पदाधिकारी फेरिँदै गए, तर अतिक्रमण भने निरन्तर फैलिँदै गयो।

आज जनकपुरधामको यथार्थ के छ भने कतिपय पोखरी पुरेर घर निर्माण गरिएका छन्। कतिपय मठका बगैँचा व्यापारिक प्रयोजनमा प्रयोग भएका छन्। कतिपय तैनाथी जग्गामा पक्की संरचना बनेका छन्। कतै वार्षिक कुत तिर्ने व्यवस्थालाई स्थायी स्वामित्वको आधार बनाइयो भने कतै धार्मिक सम्पत्ति किनबेच गरिएको गम्भीर आरोप लाग्दै आएको छ। यी सबै गतिविधि एक-दुई वर्षमा सम्पन्न भएका होइनन्। वर्षौंसम्म सम्बन्धित निकायले आँखा चिम्लिँदिँदा आज समस्या यो स्तरमा पुगेको हो।

> **विगत केही दशकदेखि जनकपुरधामका धार्मिक तथा सांस्कृतिक सम्पतिमाथि भइरहेको अतिक्रमणको विषय बारम्बार उठे पनि प्रभावकारी समाधान हुन सकेको छैन। यसैबीच, २०८३ जेठ ३० गते गुठी संस्थानले अतिक्रमण हटाउन सार्वजनिक सूचना जारी गरेको थियो। त्यसपछि २४ असारमा सम्बन्धित मन्त्रालयहरुले गुठी प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा नौ सदस्यीय कार्यान्वयन समिति गठन गरेका छन्।**

यसैले अहिलेको कार्यान्वयन समितिले केवल अतिक्रमण हटाउने होइन, अतिक्रमण कसरी भयो भन्ने सत्य पनि सार्वजनिक गर्नुपर्छ। यदि गुठीको जग्गा गैरकानुनी रूपमा बिक्री भयो भने बिक्री गर्ने को थिए? यदि सरकारी अभिलेख परिवर्तन भयो भने त्यसको जिम्मेवार को थियो? यदि नापी, मालपोत वा अन्य निकायबाट नियमविपरीत प्रक्रिया पूरा गरियो भने त्यसमा संलग्न कर्मचारी को थिए? यदि कुनै राजनीतिक संरक्षणका कारण सार्वजनिक सम्पत्ति निजी स्वार्थमा परिणत भयो भने त्यसको पनि छानबिन हुनुपर्छ। वास्तविक दोषीलाई छाडेर अन्तिम अवस्थामा बसोबास गरिरहेका नागरिक माथि मात्र सम्पूर्ण दोष थोपर्नु न्याय होइन।

नौ सदस्यीय समितिलाई मन्त्रालयले स्पष्ट कार्यादेश दिएको छ। मन्दिर परिसर, पोखरी तथा पोखरीका डिलमा भएको अतिक्रमण रेखाङ्कन गरी सम्बन्धित व्यक्तिलाई सात दिनभित्र स्वेच्छाले खाली गर्न सूचना दिने, अन्य गुठी जग्गामा घर-टहरा बनाएर बसोबास गरिएका स्थानमा पन्ध्र दिनभित्र अतिक्रमण हटाउन निर्देशन दिने तथा अटेर गरेमा स्थानीय प्रशासन र स्थानीय तहको समन्वयमा थप पन्ध्र दिनभित्र अतिक्रमण हटाउने व्यवस्था गरिएको छ। कार्य सम्पन्न भएपछि समितिले मन्त्रालयमा विस्तृत प्रगति प्रतिवेदन बुझाउनुपर्नेछ।

यो समयसीमा महत्वाकांक्षी अवश्य छ, तर यथार्थवादी बन्न समितिले तयारी पनि त्यत्तिकै बलियो बनाउनुपर्छ। पहिलो आवश्यकता सम्पूर्ण गुठी सम्पत्तिको यकिन सीमाङ्कन हो। नापी, मालपोत, गुठी संस्थान र स्थानीय तहका अभिलेख एकअर्कासँग मेल खानुपर्छ। कतिपय जग्गाको अभिलेख अस्पष्ट, कतिपयको नक्सा पुरानो र कतिपयको स्वामित्व विवरण नै विवादित रहेको अवस्थामा पर्याप्त तथ्य संकलन नगरी अघि बढ्दा अनावश्यक विवाद निम्तिन सक्छ।

यस अभियानलाई सफल बनाउन अर्को महत्वपूर्ण पक्ष जनविश्वास हो। जनताले राज्यमाथि विश्वास गर्न सकेनन् भने कानुनी प्रक्रिया पनि कठिन बन्छ। त्यसैले समितिले प्रत्येक निर्णय पारदर्शी बनाउनु आवश्यक छ। कुन जग्गा गुठीको हो, कुन आधारमा हो, कसरी अतिक्रमण भयो र किन हटाउनुपर्छ भन्ने सम्पूर्ण विवरण सार्वजनिक गरिनुपर्छ। सूचना लुकाएर होइन, तथ्य सार्वजनिक गरेर मात्र जनसमर्थन प्राप्त गर्न सकिन्छ।

२०४८ सालदेखि नै अतिक्रमण हटाउन विभिन्न आयोगहरू, समितिहरू बन्दै आएका छन्। प्रत्येकको अध्ययनले धनुषामा मात्र सयौं बिघा गुठी जग्गा, मठ मन्दिर, कुटी फूल फुलवारी, बन बगैँचा, पोखरी, पोखरीका डिल अतिक्रमणमा परेको तथ्य प्रस्तुत गरेका छन्। यति धेरै अध्ययन हुँदाहुँदै पनि कार्यान्वयन नहुनु नै आजको सबैभन्दा ठूलो विफलता हो।

**यसपटकको कार्यान्वयन समितिको मूल्याङ्कन पनि यही आधारमा हुनेछ–के यसले प्रतिवेदनलाई व्यवहारमा उतार्छ, कि फेरि अर्को प्रतिवेदन थप्ने काम मात्र गर्छ?**

यदि सरकारले साँच्चिकै जनकपुर धामको धार्मिक, सांस्कृतिक र ऐतिहासिक अस्तित्व जोगाउन चाहेको हो भने यो अभियान कुनै औपचारिक कार्यक्रम बन्नु हुँदैन। यसलाई राष्ट्रिय सम्पदा संरक्षण अभियानका रूपमा सञ्चालन गर्नुपर्छ। किनकि जनकपुर धामका मठ-मन्दिर, कुटी, पोखरी र गुठी सम्पत्ति केवल धनुषाका नागरिकका होइनन्, सम्पूर्ण नेपालको साझा धरोहर हुन्।

यी साझा धरोहरहरूको विगतका अध्ययनहरूले यिनका अवस्था केवल चिन्ताजनक होइन, अत्यन्त गम्भीर रहेको स्पष्ट चित्र प्रस्तुत गरेका छन्। प्रतिवेदनहरूमा जनकपुरधामका ७२ वटा ऐतिहासिक पोखरीमध्ये धेरै अतिक्रमणमा परेको, केही प्रदूषणले उपयोगविहीन बनेको र केही पूर्ण रूपमा लोप भएको उल्लेख छ। ४५/४६ वटा मठ -मन्दिर- कुटिहरू समेत लोप भएका उल्लेख गरिएको छ।

दुर्भाग्यवश, ती प्रतिवेदनहरूमा उल्लेख अतिक्रमण हटाउने स्थानीय जटिलताका कारण वर्षौंदेखि कार्यान्वयन हुन सकेन। यही कारणले अहिले गठन भएको नौ सदस्यीय कार्यान्वयन समितिको सबैभन्दा ठूलो चुनौती अतिक्रमण हटाउनु मात्र होइन, सम्पूर्ण गुठी सम्पत्तिको वैज्ञानिक अभिलेख तयार गर्नु पनि हो। आज पनि धेरै गुठी सम्पत्तिको स्पष्ट नापी, डिजिटल नक्सा, सीमाङ्कन र अद्यावधिक विवरण उपलब्ध छैन। कतिपय पोखरीको वास्तविक क्षेत्रफल अभिलेखमा रहेको भन्दा निकै कम भइसकेको छ। कतिपय मठका तैनाथी जग्गा कहाँसम्म फैलिएको थियो भन्ने तथ्य नै हराउने अवस्थामा पुगेको छ। यस्तो अवस्थामा प्रमाणमा आधारित संरक्षण अभियान सञ्चालन गर्नु अपरिहार्य छ।

यस समितिले जनकपुरधामलाई केवल अतिक्रमणमुक्त बनाउने होइन, दीर्घकालीन संरक्षणको आधार पनि तयार गर्नुपर्छ। त्यसका लागि सबैभन्दा पहिले प्रत्येक मठ-मन्दिर, कुटी, पोखरी, कुण्ड, बगैँचा, फूलबारी, इनार तथा तैनाथी जग्गाको डिजिटल अभिलेखीकरण हुनुपर्छ। जीपीएस प्रविधिबाट सीमाङ्कन गरी सार्वजनिक नक्सा तयार गरिनुपर्छ। सम्पूर्ण विवरण अनलाइन प्रणालीमा राखिनुपर्छ ताकि भविष्यमा कुनै पनि व्यक्तिले अभिलेख फेरबदल गर्न नसकोस्। यही प्रणालीले भविष्यको अतिक्रमण रोक्ने बलियो आधार तयार गर्नेछ।

संरक्षणको अर्को महत्वपूर्ण पक्ष पुनर्जीवन हो। वर्षौंदेखि उपेक्षित रहेका ऐतिहासिक पोखरी केवल अतिक्रमण हटाएर जोगिँदैनन्। तिनको सफाइ, पुनः उत्खनन, पानीको प्राकृतिक स्रोत पुनर्स्थापना, ढल व्यवस्थापन, हरियाली संरक्षण र धार्मिक उपयोगलाई पुनर्जीवित गर्ने एकीकृत योजना आवश्यक छ। यहाँबाट लोप गरिएका-लोपोन्मुख हुन लागेका ऐतिहासिक जलाशय पुनर्जीवित भए भने यसले जनकपुरधामको वातावरणीय सन्तुलन, धार्मिक पर्यटन र स्थानीय अर्थतन्त्रमा दीर्घकालीन सकारात्मक प्रभाव पार्नेछ।

त्यसैगरी मठ-मन्दिर र कुटीहरूको संरक्षण केवल भवन मर्मत गर्ने विषय होइन। तिनको ऐतिहासिक स्वरूप, परम्परागत वास्तुकला, धार्मिक गतिविधि, सांस्कृतिक अभिलेख र गुठी व्यवस्थापन प्रणालीलाई पनि सुदृढ बनाउनुपर्छ। संरक्षणलाई केवल भौतिक संरचनासम्म सीमित राखियो भने सम्पदाको आत्मा हराउनेछ।

आज जनकपुरधामलाई विश्वस्तरीय धार्मिक-सांस्कृतिक पर्यटन केन्द्र बनाउने सम्भावना बारम्बार चर्चा हुने गरेको छ। तर पर्यटनको आधार आधुनिक भवन होइन, मौलिक सम्पदा हो। यदि जनकपुरधामका ऐतिहासिक मठ-मन्दिर, कुटी, पोखरी र गुठी सम्पत्ति व्यवस्थित, स्वच्छ र सुरक्षित हुन सके भने यही सम्पदाले लाखौं आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सक्छ। यसबाट स्थानीय रोजगारी, होटल व्यवसाय, हस्तकला, मिथिला कला, सांस्कृतिक कार्यक्रम तथा धार्मिक अर्थतन्त्रलाई नयाँ गति मिल्नेछ।

त्यसैले कार्यान्वयन समितिले आफ्नो जिम्मेवारीलाई केवल प्रशासनिक अभियानका रूपमा होइन, जनकपुरधामको सांस्कृतिक पुनर्जागरण अभियानका रूपमा बुझ्नुपर्छ। यदि यो दृष्टिकोणका साथ काम भयो भने मात्र विगतका प्रतिवेदनले अपेक्षा गरेको परिणाम प्राप्त हुनेछ। अन्यथा, फेरि अर्को समिति, अर्को प्रतिवेदन र अर्को आश्वासनको चक्र दोहोरिनेछ।

यही चक्रको क्रममा आज जनकपुर धाम अतिक्रमणको लपेटामा एउटा गम्भीर निर्णायक मोडमा उभिएको हो। अब प्रश्न केवल गुठीको केही बिघा जग्गा फिर्ता गराउने वा केही संरचना हटाउने मात्र होइन। प्रश्न यो हो–के हामी आफ्ना पुर्खाले संरक्षण गरेर सुम्पिएको धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदालाई भावी पुस्तासम्म सुरक्षित पुऱ्याउन सक्षम हुनेछौं कि आफ्नै लापरबाहीका कारण सभ्यताको अमूल्य धरोहर गुमाउनेछौं?

ध्रुव घिमिरेको संयोजकत्वमा गठित नौ सदस्यीय कार्यान्वयन समितिले अहिले एउटा ऐतिहासिक अवसर पाएको छ। यो समितिले चाहेमा विगतका दुई दशकदेखि कार्यान्वयन हुन नसकेका प्रतिवेदनलाई व्यवहारमा उतार्न सक्छ। तर त्यसका लागि राजनीतिक इच्छाशक्ति, प्रशासनिक निष्पक्षता, कानुनी दृढता र पारदर्शी कार्यशैली अपरिहार्य छन्। यदि कुनै पनि प्रकारको राजनीतिक दबाब, प्रभावशाली व्यक्तिको हस्तक्षेप वा प्रशासनिक सम्झौताले यो अभियानलाई कमजोर बनायो भने यो समिति पनि विगतका आयोग र कार्यदलको सूचीमा सीमित हुनेछ।

यस अभियानको सफलता मापन गर्ने आधार कति सूचना जारी भए भन्ने होइन, कति गुठी सम्पत्ति वास्तविक रूपमा संरक्षण भयो भन्ने हुनेछ। राज्यले वर्षौंदेखि अतिक्रमणमा परेका मठ-मन्दिर, कुटी, पोखरी, डिल, बगैँचा, फूलबारी, इनार तथा तैनाथी जग्गा कानुनी प्रक्रियाबाट फिर्ता गराउन सके मात्र यो अभियान सफल मानिनेछ। त्यससँगै अवैध रूपमा गुठी सम्पत्ति बिक्री गर्ने, दर्ता गर्ने, संरक्षण गर्ने वा मिलेमतो गर्ने जो-जो व्यक्ति छन्, उनीहरूमाथि पनि निष्पक्ष अनुसन्धान र कानुनी कारबाही हुनुपर्छ। वास्तविक दोषीलाई उन्मुक्ति दिएर अन्तिम चरणमा रहेका नागरिकमाथि मात्र सम्पूर्ण जिम्मेवारी थोपार्ने प्रवृत्तिले न्यायको अनुभूति दिलाउन सक्दैन।

आज पनि जनकपुरधामको गौरव केवल श्री जानकी मन्दिरको भव्यतामा सीमित छैन। श्री राम मन्दिर, श्री लक्ष्मण मन्दिर, श्री रत्न सागर गुठी, जस्ता अनेकौं धार्मिक धरोहरको संरक्षणसँग जोडिएको छ। त्यसैगरी यहाँ रहेका धार्मिक-साँस्कृतिक महत्त्वका पोखरी-तलाउ-कुण्डहरू केवल जलाशय होइनन्; यी मिथिलाको ऐतिहासिक स्मृति, धार्मिक परम्परा, वातावरणीय सन्तुलन र सांस्कृतिक निरन्तरताका जीवन्त आधार हुन्। यिनको संरक्षणले जनकपुरधामको पर्यटन, वातावरण र स्थानीय अर्थतन्त्रलाई नयाँ उचाइ दिन सक्छ।


सरकारले अब एउटा स्पष्ट नीति अपनाउनुपर्छ–गुठी सम्पत्तिको संरक्षण कुनै अभियान होइन, स्थायी राज्य नीति हो। त्यसका लागि सम्पूर्ण गुठी सम्पत्तिको डिजिटल अभिलेख, वैज्ञानिक सीमाङ्कन, नियमित अनुगमन, सार्वजनिक सूचना प्रणाली, कानुनी सुरक्षा र स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्नुपर्छ। विद्यालयदेखि विश्वविद्यालयसम्म जनकपुरधामका धार्मिक तथा सांस्कृतिक सम्पदाबारे अध्ययन र जनचेतना विस्तार गर्नुपर्छ। संरक्षणलाई केवल सरकारी जिम्मेवारी नभई सामाजिक अभियानका रूपमा विकास गर्नुपर्छ।

जनकपुरधामको विकास अग्ला भवन, फराकिला सडक वा कंक्रिटका संरचनाले मात्र मापन हुँदैन। यसको वास्तविक विकास तब हुनेछ जब यसको ऐतिहासिक मठ-मन्दिर सुरक्षित हुनेछन्, पोखरीहरू पुनर्जीवित हुनेछन्, गुठी सम्पत्ति पारदर्शी रूपमा व्यवस्थापन हुनेछ र भावी पुस्ताले आफ्नो सभ्यताप्रति गर्व गर्न सक्नेछन्।

समितिको परीक्षा अब सुरु भएको छ। जनताले प्रतिवेदन होइन, परिणाम हेर्न चाहेका छन्। सूचना होइन, कार्यान्वयन हेर्न चाहेका छन्। आश्वासन होइन, संरक्षणको प्रमाण हेर्न चाहेका छन्। यदि यो समिति निष्पक्ष, साहसी र उत्तरदायी रूपमा अघि बढ्न सफल भयो भने इतिहासले यसलाई जनकपुरधामको सांस्कृतिक पुनर्जागरणको सुरुआत गर्ने समितिका रूपमा स्मरण गर्नेछ। तर यदि फेरि पनि राजनीतिक प्रभाव, प्रशासनिक कमजोरी र व्यक्तिगत स्वार्थले विजय प्राप्त गऱ्यो भने इतिहासले यो अवसर गुमाएको अर्को दुःखद अध्यायका रूपमा मात्र लेख्नेछ।

जनकपुरधामको सभ्यता जोगाउने कि गुमाउने भन्ने निर्णय अब भविष्यले होइन, वर्तमानले गर्नेछ। त्यो निर्णयको जिम्मेवारी सरकार, कार्यान्वयन समिति, गुठी संस्थान, जनप्रतिनिधि र सम्पूर्ण समाजको काँधमा छ। यदि आज पनि हामी असफल भयौं भने भावी पुस्ताले हामीलाई सम्पदा संरक्षणमा होइन, सम्पदा विनाशमा मौन दर्शक बनेको पुस्ताका रूपमा सम्झिनेछन्। अस्तुः श्री जानकी माताले सबैको कल्याण गरून्।

# आफै पनि थाहा पाउन सकिन्छ स्तन क्यान्सर



● प्रा.डा. राजेन्द्र बराल

महिलामा हुने क्यान्सरहरूमध्ये पाठेघरको मुखको क्यान्सरपछि स्तन क्यान्सर दोस्रो स्थानमा आउँछ । स्तन क्यान्सर नेपालमा बढ्दो क्रममा छ। यो क्यान्सर ४०-४५ वर्ष कटेका महिलाहरूमा बढी लाग्ने भनिए पनि पछिल्लो समयमा २५-३० वर्षका युवतीहरूमा पनि देखिन थालेको छ। अहिले जुन किसिमले स्तन क्यान्सरको प्रकोप बढ्दै गएको छ, त्यसलाई हेर्दा अबका केही वर्षमा नै महिलामा देखिने क्यान्सरमध्ये यो पहिलो नम्बरमा आउन सक्छ।

जुनसुकै क्यान्सर पनि कोषिकाको अनियन्त्रित वृद्धि हो । स्तन क्यान्सर पनि त्यहाँ रहेका कोषिकाहरूको अनियन्त्रित वृद्धि नै हो । कोषिकाहरू अनियन्त्रित वृद्धि गराउने प्रमुख कारक तत्व सुर्तीजन्य पदार्थ हो ।

त्यसैगरी, मादक पदार्थ, अखाद्य वस्तु, रंगहरू, विषादी मिसाइएको खाद्यान्न सेवन पनि यसका कारण हुन् । यसका साथै वंशाणुगत कारणले पनि स्तन क्यान्सर हुन्छ । त्यसैले हामीले क्यान्सरको परिवारिक इतिहास पनि हेर्नुपर्छ ।

आमा, सानिमा, ठूलीआमा तथा मावलीतिरका हजुरआमाहरूमा क्यान्सर थियो कि थिएन ? थाहा पाउनुपर्छ। यसमा बाबुको वंशतिर जाँदैन, आमाको वंशतिर हेर्नुपर्ने हुन्छ। स्तन क्यान्सर र डिम्बाशयको क्यान्सर ५ देखि १० प्रतिशत वंशाणुगत हुनसक्छ ।

**जीवनशैलीको कारण हुने स्तन क्यान्सर**

वंशाणुगतबाहेक ठूलो संख्यामा महिलाको जीवनशैलीको कारण पनि स्तन क्यान्सर भएको पाइएको छ।

यो स्तन क्यान्सर पत्ता लगाउने एक्सरे हो । यसले स्तनलाई स्क्यानिङ गरी हेरिन्छ । यसरी हेर्दा स्तनमा गिर्खा भए/नभएको, स्तनमा क्यान्सर भएको सजिलै पत्ता लाग्छ। सोहीअनुसारको उपचार गर्नुपर्छ। क्यान्सर छ या छैन मात्र हैन, निको भइसकेको क्यान्सर अर्कोमा सरेको छ/छैन भनेर प्रत्येक वर्ष जाँच गराउनुपर्छ।

क्यान्सर लाग्नबाट रोक्न सकिँदैन । तर, चाँडै पत्ता लगाउँदा भने त्यसलाई निको पार्न सकिन्छ। स्तन क्यान्सर पनि सुरुकै अवस्थामा थाहा भए पूर्ण रूपमा निको हुन्छ।

अन्य क्यान्सर जाँच गर्न चिकित्सक र अस्पताल जानु अनिवार्य हुन्छ। तर, स्तन क्यान्सरको लक्षण महिला आफैँले जाँच गरी पत्ता लगाउन सक्छन् । महिलाले स्तनलाई छामेर शंका गर्न सक्छन् । यसरी नियमित आफैँले स्तनको परीक्षण गर्ने हो भने ६० देखि ७० प्रतिशतले सुरुकै अवस्थामा स्तन क्यान्सर शंका गर्न सक्छन् । यदि शंका लागेमा तत्काल चिकित्सककोमा उपचार गर्न जानुपर्छ।

२० वर्ष कटेका प्रत्येक महिलाले आफैँ परीक्षण गर्दा राम्रो हुन्छ। नियमित महिनावारी हुने महिलाले महिनावारी भएको ५ दिनपछि जाँच गर्दा राम्रो हुन्छ। तर, महिनावारी अनियमित छ भने प्रत्येक महिनाको कुनै एक निश्चित गतेलाई तोकेर परीक्षण गर्नु राम्रो हुन्छ।

यो जाँच ऐनाअगाडि उभिएर वा ओछ्यानमा पल्टिएर गर्न सकिन्छ । यसरी जाँच्दा स्तनलाई पाँच भागमा बाँडिएको हुन्छ : माथिल्लो बाहिरी भाग, माथिल्लो भित्री भाग, तल्लो बाहिरी भाग, तल्लो भित्री भाग र मध्यभाग (निप्पल भएको) । यी सबै भागलाई क्रमशः बिस्तारै ऐनाअगाडि उभिएर या सुतेर जाँच गर्नुपर्छ।

ऐनाअगाडि सीधा उभिएर आफ्ना दुवै स्तनलाई हेर्ने। दुवै स्तनको आकार समान छ-छैन ? वनावट, मुन्टो, छालाको रङ र नरमपना फरक तथा स्तनको कुनै भागमा गिर्खा देखिएको छ-छैन हेर्ने ।

दुवै हातलाई माथि उठाएर स्तनमा देखापरेका परिवर्तनलाई ऐनाअगाडि उभिएर हेर्ने ।

दुवै हातले कम्मरमा हल्का थिचेर ऐनाअगाडि हेर्ने । यसो गर्दा स्तनमा लुकेर बसेका केही परिवर्तन झनै स्पष्ट देखिन्छ ।

देब्रे काखीको मुनि एउटा तकिया राख्ने र देब्रे हातलाई टाउकोपछाडि राखेर सुत्ने। दाहिने हातको बीचका तीनवटा औँलाको माथिल्लो एकतिहाइ भागले देब्रे स्तन छामेर जाँच गर्ने। स्तनलाई औँला र बुढीऔँलाको बीचमा राखेर छाम्ने। यसरी छाम्ने क्रममा घडी घुम्नेतिर या उल्टो दिशामा क्रमबद्ध रूपमा सबै भागमा जाँच गर्ने।

दाहिने काखीमुनि तकिया राखेर माथिकै प्रक्रियाअनुसार स्तन जाँच गर्ने । अन्तमा स्तनको मुन्टोलाई पालैपालो गरी बुढीऔँला र चोरऔँलाको बीचमा राखेर निचोर्ने। स्तनको मुन्टोबाट रगत या फोहोर पदार्थ आउँछ या आउँदैन।

छुट्याइएको पाँचै भागमा क्रमबद्ध रूपमा छामेर हेर्ने। नुहाएको समयमा पनि यो जाँच्न सकिन्छ। यसरी जाँच्दा देब्रे हातले दाहिने स्तन र दाहिने हातले देब्रे स्तन क्रमशः जाँच्ने।

# देशका अधिकांश क्षेत्रमा वर्षाको सम्भावना, केही स्थानमा भारी वर्षा



काठमाण्डु । जल तथा मौसम पूर्वानुमान महाशाखाले आज देशका अधिकांश स्थानमा बदली रहने तथा विभिन्न प्रदेशका पहाडी, हिमाली र तराईमा मेघगर्जन, चट्याङसहित वर्षाको सम्भावना रहेको जनाएको छ।

विभागका अनुसार दिउँसो देशका पहाडी र हिमालीभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ। कोशी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका केही स्थान तथा मधेश प्रदेशसँगै बागमती र गण्डकी प्रदेशका तराईका थोरै स्थानमा पनि मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुन सक्नेछ।

कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना रहेकाले सतर्कता अपनाउन महाशाखाले आग्रह गरेको छ।

आज राति पनि देशका अधिकांश स्थानमा बदली रहनेछ। कोशी प्रदेश तथा बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भू-भागका धेरै स्थानमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भेगका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ।

यसैगरी, मधेस प्रदेश तथा बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ। मधेस प्रदेशका साथै कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी तथा तराईका एकदुई स्थानमा भारी वर्षा हुन सक्ने भएकाले सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ। रासस

# सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयलाई सामाग्री वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लो समयमा समाजमा स्थापित भएर मुनाफा आर्जन गरेका वैंक तथा वित्तिय संस्थाहरुले सामाजिक उत्तर दायित्व अन्तर्गत मुनाफाको केही प्रतिशत समाजको विकासमा लगाउन थालेका छन्।

मधेश प्रदेशका जिल्लाहरुमा स्थापना भएका वैंक तथा वित्तिय संस्थाहरुले मुनाफा मात्र आर्जन गर्ने गरेको र समाजको विकासका लागि कुनै प्रकारको लगानी नगरेको गुनाशो बढेको वेलामा केही वित्तिय संस्थाहरुले समाजिक तथा शैक्षिक क्षेत्रको उन्नतीका लागि लगानी गर्न थालेको हो।

नेपाल राष्ट्र बैंकको ग वर्गको ईजाजत प्राप्त भएको प्रोग्रेसिभ फाईनान्स लिमिटेडले जनकपुरधाम उपमहानगरपालिकाको ग्रामिण वडाका रुपमा रहेको वडा नं १६ कपिलेश्वरमा रहेका सामुदायिक आधारभूत विद्यालयमा विद्यार्थीहरुका लागि स्कूल व्याग, शैक्षिक सामाग्रीहरु तथा खेलकूदका सामानहरु वितरण गरेको छ।



सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्थामा सुधार गर्न तथा विद्यार्थीहरुको शारिरीक तथा मानसिक स्वास्थ्यमा सुधार गर्नका लागि वितरण गरिईएको सामाग्रीले मद्दत पुग्ने वडा नं १६ का वडाध्यक्ष रामचन्द्र पञ्जियारले बताए।

उनले आफ्नो वडामा रहेकय एक मात्र आधारभूत विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्नका लागि विद्यालयको भौतिक पूर्वाधारको विकास, शिक्षाको गुणस्तर सुधार तथा विद्यार्थीहरुको संख्यामा बृद्धि गर्नका लागि विभिन्न कार्यक्रमहरु गर्दै आएको बताए।

प्रोग्रेसिभ फाईनान्स लिमिटेड मधेश प्रदेशका प्रमुख विनय कुमार साहले मधेश प्रदेश सहित बागमति, गण्डकी तथा कोशी प्रदेशमा गरेर २७ शाखा मार्फत संस्थाले वर्षेनी रुपमा सामाजिक उत्तरदायित्व अन्तर्गत सामुदायिक विद्यालयहरुमा शैक्षिक सुधारका लागि सामाग्रीहरु वितरण गर्दै आएको बताए।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक गौरीशंकर लाल कर्णले विद्यालयको शैक्षिक अवस्थामा सुधार गर्न तथा विद्यार्थीहरुको मानसिक तथा शारिरीक विकासका लागि प्रदान गरिईएको सामाग्रीहरु सहयोगी हुने बताए।

वैंक तथा वित्तिय संस्थाहरुको स्थापनाको उद्देश्यमा नै मुनाफाको केही प्रथितशत रकम सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिको विभिन्न क्षेत्रमा लगानी गर्नु पर्ने प्रावधान भएपनि लगानी गर्ने गरेको पाइएको छैन।

# वीरगञ्जमा करिब १ सय भवन संरचना हटाइयो

**अनिल तिवारी**

वीरगन्ज । वीरगन्ज महानगरपालिकाको मुख्य सडक क्षेत्रको विस्तार कार्यअन्तर्गत सडक डिभिजन कार्यालय हेटौंडाले सञ्चालन गरेको दोस्रो चरणको डोजर अभियान तीव्र गतिमा अघि बढाएको छ।



शुक्रबार दिउँसो १ बजेदेखि बुधबार अपराह्न ३ बजेसम्मको अवधिमा सडकको सीमाभित्र परेका करिब १ सय भवन तथा अन्य संरचना हटाइएको सडक डिभिजन कार्यालयले जनाएको छ।

सडक डिभिजन कार्यालय हेटौंडाका इन्जिनियर तथा वीरगन्जका लागि तोकिएका फोकल पर्सन दुर्गा प्रसादका अनुसार बुधबारसम्म डोजर अभियान घण्टाघर नजिक रहेको नेपाली सेनाको ब्यारेक क्षेत्रसम्म पुगेको छ। अभियानलाई तीव्रता दिन एकैपटक सात वटा डोजर परिचालन गरिएको उनले जानकारी दिए। उनका अनुसार बढी उपकरण परिचालन गरिएकाले संरचना हटाउने काम अपेक्षाकृत छिटो भइरहेको छ।

इन्जिनियर प्रसादले अबको चरणमा घण्टाघरदेखि दक्षिणतर्फ मुख्य बजार क्षेत्रमा प्रवेश गर्न सडक साँघुरो हुनुका साथै विद्युत्का पोलहरूले अवरोध सिर्जना गर्ने भएकाले तत्काल त्यसतर्फ काम गर्न कठिनाइ रहेको बताए। यही कारण बिहीबारदेखि मितेरी पुलतर्फबाट संरचना हटाउने कार्य अघि बढाउने योजना बनाइएको उनले जानकारी दिए।

उनका अनुसार घण्टाघरदेखि दक्षिणतर्फ सडक विस्तार गर्न विद्युत्का पोल हटाउन वा स्थानान्तरण गर्नुपर्ने अवस्था छ। तर आर्थिक वर्षको अन्तिम समय भएकाले विद्युत् सेवा अवरुद्ध हुँदा सर्वसाधारण र सरकारी निकायलाई समस्या पर्न सक्ने भएकाले तत्काल पोल हटाउने निर्णय गरिएको छैन। सो विषयमा नेपाल विद्युत् प्राधिकरण, वीरगन्ज वितरण केन्द्रसँग समन्वय गरी आर्थिक वर्ष समाप्त भएपछि आवश्यक प्रक्रिया अघि बढाइने उनले बताए।

सडक विस्तार अभियानलाई प्रभावकारी बनाउन पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा बुधबार साँझ सम्बन्धित सरोकारवाला निकायहरूको बैठक समेत बसेको थियो। बैठकमा सडक विस्तारका क्रममा देखिएका प्राविधिक तथा व्यवस्थापकीय समस्याबारे छलफल भएको जनाइएको छ।

यसअघि गत वैशाख ६ र ७ गते सडक विभागले पहिलो चरणको अभियान सञ्चालन गर्दै वीरगन्जको मुख्य सडक क्षेत्रका करिब १ हजार २ सय घर तथा भवनमा डोजर चलाएको थियो। त्यसबेला अधिकांश भवनको सडकतर्फको अगाडिको भाग मात्र हटाइएको थियो भने सडकको सीमाभित्र पर्ने संरचना सम्बन्धित घरधनीले २५ दिनभित्र आफैं हटाउन अनुरोध गरिएको थियो।


तर विभागले दिएको समयसीमा समाप्त हुँदासमेत धेरै संरचना यथावत् रहेपछि सडक विभागले दोस्रो चरणको अभियान सञ्चालन गरेको हो। हाल विभाग आफैंले सडक क्षेत्रभित्र रहेका बाँकी संरचना हटाउने कार्य गरिरहेको छ।

सडक विस्तार सम्पन्न भएपछि वीरगन्जको मुख्य सडक क्षेत्रमा बढ्दो सवारी चाप व्यवस्थापन, आवागमन सहज बनाउने तथा दीर्घकालीन सहरी पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। यद्यपि संरचना हटाइएका केही स्थानीयले क्षतिपूर्ति, व्यवस्थापन तथा पुनर्स्थापनासम्बन्धी विषयमा असन्तुष्टि जनाउँदै आएका छन्।

# चिया प्रशोधन उद्योग क्षेत्रमा 'भूमिका'

इलाम। पछिल्लो समय चिया प्रशोधन उद्योगमा भूमिका थापाको आफ्नै पहिचान बनेको छ।

डेढ दशकअघि वैदेशिक रोजगारीको सपना बोकेर इजरायल जान भाषाको दक्षतासमेत हासिल गर्नुभएकी थापालाई विभिन्न कारणले त्यसतर्फ जान अनुकूल भएन। विदेश गएर परिवारको आर्थिक अवस्था सुधार्ने सपना भाषा परीक्षामै सिमित रह्यो।



भाषा परीक्षा पास गरेको डेढ वर्षसम्म पर्खदासमेत इजरायल जाने अवसर नपाएपछि चिया उद्योग सुरु गर्ने सोचका साथ उहाँ गाउँ फर्कनुभयो।

स्थानीय फाकफोकथुम गाउँपालिका-२ कोल्बोटेमा थापाले विसं २०७१ मा पानीटार चिया प्रशोधन उद्योग सुरु गर्नुभयो। अहिले त्यो उद्योगमा ५० परिवारले उत्पादन गरेको चिया प्रशोधन हुँदैआएको छ। उक्त प्रशोधन केन्द्रमा दैनिक २५० केजी हरियो चियापत्ती सङ्कलन भइरहेको छ। वार्षिक तीन हजार ५०० केजीसम्म तयारी चिया उत्पादन हुन्छ। त्यस उद्योगमा १३ जनाले प्रत्यक्ष रोजगारी पाएका छन्। खर्च कटाएर वार्षिक सात लाख बचत भइरहेको उद्योगी थापा बताउनुहुन्छ।

उद्योगी थापाले भन्नुभयो, "इजरायल जान जुटाएको रु चार लाख बैंकमा राखेको थिए। साहुँको ऋणको ब्याज बुझाएर बाँकी रकमबाट उद्योग सुरु गरेको हुँ।" उद्योग स्थापना हुनुअघि कोलबोटेका किसानले उत्पादन गरेको हरियो चियापत्ती प्रशोधनका लागि पाँचथरको फिदिमसम्म पुऱ्याउनुपर्ने बाध्यता थियो।

लामो दूरी, ढुवानी खर्च र बजारको अभावका कारण किसानले प्रतिकिलो रु २० मात्र पाउँथे। उद्योग खुलेपछि चियाखेती फस्टाएको स्थानीय किसान राम थापाले बताउनुभयो। अहिले त्यस क्षेत्रका किसानसँग प्रतिपरिवार १० देखि ३० रोपनीसम्म चिया बगान छन्।

उद्योगी थापाका श्रीमान् दृष्टिविहीन हुनुहुन्छ। पारिवारिक जिम्मेवारीका बीच उहाँले उद्योग सञ्चालनलाई निरन्तरता दिँदै आउनुभएको छ। उहाँ भन्नुहुन्छ, "विदेश जान पाइनँ, तर गाउँमै बसेर केही गर्न सकिन्छ भन्ने आत्मविश्वास यही उद्योगले दियो।"

फाकफोकथुम गाउँपालिकाले कोशी प्रदेश सरकार र दायित्व संस्थासँगको साझेदारीमा सुरु गरेको वृद्धिमुखी उद्यमशीलता तथा रोजगारी प्रवर्धन कार्यक्रमले थापालाई व्यवसायीक क्षमता विकासको तालिम मात्र दिएन अनुदानमा उपकरण दिएपछि उत्पादन वृद्धि गर्न सहज भएको छ।

"व्यवसायिक योजना बनाउने, ब्रान्डिङ, लेबलिङ र प्याकेजिङको ज्ञानले उत्पादनलाई थप व्यवस्थित बनाएको छ", थापाले भन्नुभयो, "अहिले वार्षिक तीन हजार ५०० केजी पुगेको छ।" यसअघि प्रशोधन क्षमताको अभावले किसानलाई दिन विराएर मात्र चियापत्ती टिप्थे। अहिले भने दैनिक सङ्कलन र प्रशोधन हुने भएकाले किसान र श्रमिक दुवैलाई सहज भएको छ।

उद्योगबाट उत्पादित चिया इलाम आसपासका बजारसँगै राँके, धनकुटा र काठमाडौंसम्म पुग्न थालेको छ। आफ्नो उत्पादनलाई बजारलाई अन्तरराष्ट्रियस्तरसम्म विस्तार गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो।

थापाजस्ता उद्यमी गाउँपालिकामा प्रेरणाका स्रोत रहेको पालिकाका अध्यक्ष दीपेन्द्र खनाल बताउनुहुन्छ। "चियाको मूल्य वृद्धि गर्दै गाउँमै रोजगारी सृजना गर्ने यस उद्योगले ग्रामीण अर्थतन्त्रलाई बलियो बनाएको छ। गाउँपालिकाले उद्यमशीलता, कृषि प्रशोधन र बजारीकरणलाई प्राथमिकतामा राखेर आवश्यक सहयोगलाई निरन्तरता दिनेछ", खनालले भन्नुभयो।रासस

# कृषि, स्वास्थ्य, सडक सुधार र विस्तारमा सांसदको जोड

काठमाण्डु । प्रतिनिधिसभामा सांसदहरुले साना तथा मझौला उद्योग प्रवर्द्धन, स्वास्थ्य, कृषि क्षेत्र, खानेपानी, सडक, वैदेशिक रोजगार क्षेत्रमा देखिएका समस्या तथा जङ्गली हात्ती नियन्त्रण, विद्युत् पहुँच विस्तारलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा भाग लिने सांसदले सार्वजनिकस्थलमा धुम्रपान निषेध, सीमा भन्सारको स्तरोन्नति, पार्किङ शुल्क र वैदेशिक रोजगारीमा हुने गरेको ठगीलगायतका विषय उठाउनुभयो।



सांसद अनुष्का श्रेष्ठले साना तथा मझौला उद्योगले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गरिरहेकाले त्यस्ता उद्योग व्यवसायलाई सरकारी सहयोग, तालिम तथा नीतिगत विषयमा सहयोग र सहजीकरण आवश्यक रहेको बताउनुभयो।

सांसद अभिषेकप्रताप शाहले लुम्बिनी प्रदेशको कृष्णनगर भन्सारको स्तरोन्नति गर्न माग गर्नुभयो।

सांसद अम्बिकादेवी सङ्गौलाले संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरेकाले सोअनुसार नागरिकले सेवा पाए/नपाएको बारेमा स्वास्थ्य संस्थाको नियमित अनुगमन आवश्यक रहेको बताउनुभयो।

सांसद अर्जुननरसिंह केसीले राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गर्नुभयो।

सांसद आकृति अवस्थीले सार्वजनिक स्थानमा धुम्रपान गर्नेलाई कारबाही गर्ने कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो।

सांसद आनन्दबहादुर चन्दले वैज्ञानिक कृषि ज्ञानको अभाव र मलको असन्तुलित प्रयोगले कृषि उत्पादन प्रभावित भएकाले माटो परीक्षण, मलको प्रयोगका सम्बन्धमा तालिम आवश्यक रहेको बताउनुभयो।

सांसद आरेन राईले खोटाङ-भोजपुर सडकखण्डको पुनर्निर्माण गर्न माग गर्नुभयो। सांसद आशा झाले साना संस्थालाई पूर्ण लेखा परीक्षण गर्ने पर्ने हालको प्रावधानमा संशोधनको आवश्यकता औँल्याउनुभयो।

सांसद आशिष गजुरेलले भौतिक पूर्वाधारण निर्माणका क्षेत्रमा विनियोजित बजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो।

सांसद आशिका तामाङले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको पार्किङ शुल्क घटाउन सरकारसँग आग्रह गर्नुभयो।

सांसद उत्तमप्रसाद पौडेलले सार्वजनिक यातायातलाई अपाङ्गतामैत्री बनाउनुपर्नेमा जोड दिनुभयो। सांसद एशुदाकुमारी बरालले कर्णालीका सडक यातायात सेवालाई सुरक्षित तुल्याउनेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद ओजस्वी शेरचनले स्वास्थ्य सेवामा सहज पहुँच स्थापित गर्न स्पष्ट नीति र प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताउनुभयो।

सांसद कमल सुवेदीले वैदेशिक रोजगारीमा जाने नेपाली ठगीमा पर्ने क्रम बढेकाले प्रभावकारी नियमनको नीति अवलम्बन गर्न आग्रह गर्नुभयो।

सांसद करिष्मा कठरियाले वर्षायामको मध्य समय भइसकेकाले धान रोप्ने किसानलाई समयमै रासायनिक मल उपलब्ध गराउने व्यवस्था मिलाउन सरकारसँग माग गर्नुभयो।

सांसद कविन्द्र बुर्लाकोटीले गोरखाको अजिरकोट र सिरानचोक गाउँपालिकालगायतका क्षेत्रमा धारा भए पनि पानी नआउने समस्या रहेकाले त्यस क्षेत्रमा देखिएको खानेपानी सङ्कट समाधान गर्न आग्रह गर्नुभयो।

सांसद कामिनी कुमारीले जलेश्वर अस्पतालको स्तरोन्नति गर्न माग गर्नुभयो। सांसद कुलभक्त शाक्यले मेलम्ची खानेपानी आयोजना बन्द भएपछि काठमाडौँ उपत्यकामा खानेपानी सङ्कट बढेको भन्दै वैकल्पिक व्यवस्था गर्न सरकारसँग आग्रह गर्नुभयो।

सांसद कुसुम महर्जनले सिंहदरबारस्थित राष्ट्रिय सम्पत्तिको सुरक्षाका लागि सरकार गम्भीर हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

सांसद खगेन्द्र कर्णले जङ्गली हात्तीको आक्रमणबाट पछिल्लो वर्षमा धेरै जनधनको क्षति भएकाले यसको नियन्त्रणका लागि प्रभावकारी योजना ल्याउन आग्रह गर्नुभयो।

सांसद खडकबहादुर बुढाले कर्णाली प्रदेशमा विद्युत् पहुँच विस्तार गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। ांसद गजाला शमीम मिकरानीले अहिले मध्य बर्सातको समय रहेकाले विपद् व्यवस्थापनको पूर्वतयारीमा रहन सरकारलाई सुझाव दिनुभयो। रासस

# बाह्र वर्षदेखि रोकिएको ढल्केबर-हेटौँडा ४०० केभी प्रसारण लाइन निर्माणको बाटो खुल्यो



काठमाण्डु । सरकारले १२ वर्षदेखि विभिन्न कारणले रोकिएको ढल्केबर-हेटौँडा ४०० केभी प्रसारण लाइन निर्माणको अवरोध हटाएको छ। बुधबारको मन्त्रिपरिषद्को निर्णयसँगै आयोजनाको मकवानपुर खण्डमा वन क्षेत्र प्रयोग गर्ने अनुमति प्राप्त भएको हो।

मन्त्रिपरिषद् बैठकले नेपाल विद्युत् प्राधिकरणलाई वन ऐन, २०७६ को दफा ४२(१) बमोजिम मकवानपुरको हेटौँडा-१५ स्थित रातोमाटे सामुदायिक वन उपभोक्ता समूह तथा बकैया-२ स्थित सरस्वती सामुदायिक वन उपभोक्ता समूहअन्तर्गतको राष्ट्रिय वनको २.२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ। साथै उक्त क्षेत्रमा रहेका विभिन्न प्रजातिका एक हजार २९२ वटा रुख हटाउन पनि स्वीकृति प्रदान गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार लामो समयदेखि वन क्षेत्रको स्वीकृति, राइट अफ वे (मार्गाधिकार) तथा रुख कटानसम्बन्धी निर्णय नहुँदा आयोजना रोकिएको थियो। ढल्केबर-हेटौँडा-इनरुवा करिडोर करिब ३०० किलोमिटर लामो रहेको र ४०० केभी उच्च भोल्टेज प्रसारण लाइनका लागि ४६ मिटर चौडाइको मार्गाधिकार आवश्यक पर्ने भएकाले वन क्षेत्रको अनुमति अत्यावश्यक थियो।

हेटौँडादेखि बुटवलसम्म २२० केभी प्रसारण लाइनको सर्किट निर्माण भइसकेको छ। नयाँ ४०० केभी प्रसारण लाइन सञ्चालनमा आएपछि पूर्व-पश्चिम विद्युत् प्रवाह सहज हुने, प्रणालीको विश्वसनीयता बढ्ने, पटक-पटक हुने ट्रिपिङ तथा विद्युत् अवरोधमा कमी आउने र अतिरिक्त विद्युत् भारत निर्यात गर्न सहज हुनेछ।रासस


**जिल्ला महोत्तरी, बर्दिबास नगरपालिका वार्ड नं. १३ मा स्थापना भई संचालनमा हुने हिमदिप उड प्रोडक्ट प्रा.लि.को लागि आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

मधेस प्रदेश महोत्तरी जिल्ला बर्दिबास नगरपालिका वार्ड नं. १३ मा स्थापना भई संचालन हुने हिमदिप उड प्रोडक्ट प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना :** | नामः- हिमदिप उड प्रोडक्ट प्रा.लि.<br>ठेगानाः- बर्दिबास नगरपालिका वार्ड नं. १३, महोत्तरी |
| **प्रस्तावको व्यहोरा :** | बर्दिबास नगरपालिका वार्ड नं. १३, महोत्तरीको कित्ता नं. ८३३, ८४१, ८३१, ८३९, ३४१, ८३२, ६९७ ३४०, ८३८ र ८३० को क्षेत्रफल २-१७-० (वि.-क.-धु.-क) भएको जग्गामा निर्माण तथा संचालन हुने हिमदिप उड प्रोडक्ट प्रा.लि.को लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.:** | बर्दिबास नगरपालिका |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालयः | बर्दिबास नगरपालिका<br>१३ नं. वडा कार्यालय, महोत्तरी |
| प्रोपाईटरको नाम र ठेगानाः | नामः- किशोर घिमिरे समेत<br>ठेगानाः महाङ्काल गा.पा. वार्ड नं. ०५, ललीतपुर<br>मो. नं. ९८५१०२३८५१ |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., विरगंज-१६, पर्सा।<br>सम्पर्क व्यक्तिः शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेलः shambhuprasadchaurasia@gmail.com |



**SheLeads/ Nepal**

**SheLeads Skills and Empowerment Project**

**CALL FOR EXPRESSION OF INTEREST (EOI)**

**Selection of Implementing Partner for Outcome 2: Life Skills, Leadership and Civic Engagement for Young Girls and Women**

**EOI Reference No.: SHE-EOI-OC2-01-2026**

The SheLeads Skills and Empowerment Project works to reduce the barriers young girls and women face in accessing skills development, wage employment, and entrepreneurship opportunities in Lahan, Karjanha, and Ganeshmancharnath Municipalities, Madhesh Province. The project is funded by Ursula Zindel Hilti Foundation and implemented by Helvetas Nepal. The project timeline is from September 2024 to August 2028.

SheLeads/Helvetas Nepal invites Expressions of Interest (EOI) from eligible, experienced, and legally registered Non-Governmental Organizations (NGOs) working in Madhesh Province to be considered as the implementing partner for Outcome 2 of the project.

1. **Eligibility:** NGOs legally registered and working in Madhesh Province, with at least 10 years of general experience working with youth and at least 3 years of specific experience with young girls and women in life skills, GEDSI, civic engagement, or empowerment programming. Also, including the eligibility criteria mentioned in the EOI document.
2. **Submission:** The EOI shall be submitted by a sole organization; joint ventures are not permitted. It must be submitted in a sealed envelope, clearly marked with the EOI title and reference number.
3. **Evaluation:** EOI applications will be assessed on Technical Experience (40%), Key Personnel (30%), and Organizational Capacity (30%), with a minimum passing score of 60%. Only shortlisted applicants will be invited to submit technical and financial proposals through a Request for Proposal (RFP).
4. **Key Dates:** Publication Date: 10th July 2026 | Clarification Deadline: 17th July 2026 | EOI Submission Deadline: 23rd July 2026, before 4:00 PM.
5. **EOI Documents:** The EOI document, including the Terms of Reference and application forms, can be downloaded free of cost from the Helvetas Nepal website noticeboard: www.notice.helvetasnepal.org
6. **Submission Address:** SheLeads/Helvetas Nepal, Project Support Unit, Oasis Complex, Patan Dhoka, Lalitpur.
7. **Queries:** npl.sheleads@helvetas.org

*SheLeads/Helvetas Nepal reserves the right to cancel or reject any or all applications at any stage without assigning any reason. Applications found to contain falsified or unverifiable documents will be disqualified and recommended for blacklisting.*

**Deadline for EOI submission: 23rd July 2026, before 4:00 PM**

# मिटरब्याजहरुको पैदल मार्च जनकपुरधामबाट शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन, नेपालले विभिन्न ६ बुँदे माग अघि सार्दै बिहीवारदेखि जनकपुरधामाट काठमाडौसम्मको पैदल यात्रा 'न्याय मार्च' शुरु गरेको छ ।




पूर्वनिर्धारित कार्यक्रम अनुसार मिटरब्याजविरुद्ध किसान मजदूर आन्दोलन समितिका अध्यक्ष अवधेश कुशवाहाको नेतृत्वमा पैदल मार्चपास जनकपुरधामको तिरहुतिया गाछीबाट सुरु भएको हो। करीब १५ दिनको लामो पैदल यात्रा पश्चात काठमाडौ पुग्ने लक्ष्य रहेको अध्यक्ष कुशवाहाले जनाएको छ।

उनका अनुसार सो पैदल मार्चपासमा दुईसयभन्दा बढी मिटरब्याज पिडीत हिँड्दै काठमाडौसम्म पुग्नेछ। आन्दोलनमा मिटरब्याज पीडितहरू सहभागी हुने र काठमाडौं पुगेर सरकारमाथि दबाब सिर्जना गर्ने तयारी रहेको अध्यक्ष कुशवाहाले बताए।

सरकारले मिटरब्याज अपराध र त्यसबाट उत्पन्न समस्याको समाधानका लागि हालसम्म तीन/तीन वटा आयोग र एउटा कार्यदल गठन गरेपनि प्रभावकारी पहल हुन नसक्दा यो तेश्रो पैदल मार्च निकाल्नु परेको उनले बताए । मिटरब्याज पिडीतहरु काठमाडौ पुगेर सरकार समक्ष आफ्ना पीडा राख्नेछ । सरकारले त्यसमा सुनुवाई नगरे काठमाडौमा बसेर धर्ना, प्रदर्शन लगायतका सशक्त आन्दोलनका कार्यक्रमहरु अघि बढाउने समितिका सचिव मनोज पासवानले बताए । उनले मिटरब्याज पीडितका पक्षमा सरकारले ठोस कदम नचालिए देशव्यापी संघर्ष थप सशक्त बनाइने चेतावनी दिएका छन् ।

आन्दोलन समितिले फर्जी लिखत खारेज गर, मिटरब्याज विरुद्धको शक्तिशाली ऐन निर्माण गर, मिटरब्याज विरुद्ध न्यायधिकरण गठन गर, सुदखोरको सम्पति छानबीन गर, पिडीतको सम्पति फिर्ता गर, न्यायपूर्ण आर्थिक कारोबार सुनिश्चित गर लगायतका विभिन्न ६ बुँदे माग अघि सारेका हुन ।

अध्यक्ष कुशवाहाको अध्यक्षतामा बितेको शनिवार चितवनमा बसेको बैठकले न्याय मार्चलाई शान्तिपूर्ण रूपमा अघि बढाउने निर्णय गरिएको थियो । सो बैठकमा संयुक्त जनअधिकार मोर्चाका प्रतिनिधि, भगिनी संगठनका सदस्य तथा सचिवालयका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

मधेश प्रदेशको राजधानी जनकपुरधामबाट संघीय राजधानी काठमाडौंसम्म पैदल यात्रा गर्दै न्यायिक संघर्षलाई राष्ट्रिय बहसको विषय बनाउने आन्दोलन समितिको तयारी रहेको उनले जनाएको छ । आन्दोलनले यसअघि पनि मिटरब्याज पीडितको न्यायका लागि विभिन्न चरणका प्रदर्शन, अदालत घेराउ र जनजागरण अभियान सञ्चालन गर्दै आएको छ।

# सुत्र प्रणाली अवरोध भुक्तानीमा समस्या

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाका अधिकांश स्थानीय तहको आर्थिक गतिविधि वित्तीय कारोबार सञ्चालनका लागि प्रयोग हुँदै आएको सुत्र प्रणाली आर्थिक वर्षको अन्तिम दिन निकै सुस्त गतिको कारण अवरोध हुँदा समस्या उत्पन्न भएको छ।




प्रणालीमा आएको अवरोधका कारण विकास निर्माणको भुक्तानीसँगै कर्मचारीको तलब-भत्ता तथा अन्य अनिवार्य वित्तीय दायित्व भुक्तानी हुन नसक्ने अवस्था रहेको सरोकारवाला कर्मचारीहरुले बताएका छन् ।

जनकपुरधाम उपमहानगरपालिकाको सुत्र प्रणालीको सर्भर बिहीवार बिहान १० बजेदेखि करीब साढे १२ बजेसम्म डाउन भएको कारण हो हल्लाको अवस्था समेत उत्पन्न भएको थियो। एक निर्माण व्यवसायीले कर्मचारीहरुले त आ आफ्ना कार्यक्रम र तलब भत्ता जसरी पनि ढिलोचाँडो गरी निकाली नै लिनेछ तर पालिकाका हाकिमको रवैया र सर्भर डाउनले गर्दा देखिएको छ।

उनले भने फाइल सदर गराउनका लागि जाँदा धेरै फाइल प्रमुख प्रशासकीय अधिकृतले विभिन्न कागजात र प्रक्रियाको बहाना बनाएर रोकि दिएको छ भने केही सदर भएका फाइलहरु पनि सर्भर डाउनले गर्दा लेखामा अड्केको थियो । यो अवस्था जनकपुरधाम उपमहानगरपालिकाको मात्र नभई जिल्लाका अधिंकाश स्थानीय तहको अवस्था यस्तै थियो । सेवाग्राहीहरुका अनुसार कतै कर्मचारीको झिकझिक त कतै सर्भर डाउनको समस्या थियो । प्रणाली अवरुद्ध भएपछि दैनिक वित्तीय कारोबार नै प्रभावित बनेको छ। निर्माण सम्पन्न भएका योजनाको भुक्तानी रोकिँदा निर्माण व्यवसायी समस्यामा परेका छन् भने सेवा प्रदायकहरूले पनि समयमै रकम नपाउँदा असन्तुष्टि जनाउन थालेका छन् ।

यता पालिकाका अधिकारीहरूका अनुसार भुक्तानी प्रक्रिया अवरुद्ध हुँदा विकास आयोजनाको कार्यान्वयन समेत प्रभावित भएको छ । कतिपय योजनामा काम सम्पन्न भए पनि रकम निकासा हुन नसक्दा निर्माण व्यवसायीले कामको गति सुस्त बनाएको उनीहरूको भनाइ छ।

उनीहरुका अनुसार कर्मचारीको तलब-भत्ता, विभिन्न सेवा तथा कार्यक्रमसँग सम्बन्धित नियमित भुक्तानीमा समेत ढिलाइ हुने अवस्था सिर्जना भएको छ । यसले स्थानीय सरकारको सेवा प्रवाहमा समेत प्रत्यक्ष असर परेको कर्मचारीहरूले बताएका छन् ।

सुत्र प्रणाली नियमित रूपमा सञ्चालन हुन नसक्दा सेवाग्राही, निर्माण व्यवसायी तथा अन्य सरोकारवालाबाट गुनासो बढ्दै गएको छ। वित्तीय कारोबार रोकिँदा स्थानीय तहका कर्मचारीहरू पनि अनावश्यक दबाबमा काम गर्न बाध्य भएको उनीहरूको भनाइ छ।

स्थानीय तहहरूले कानुनले तोकेको समयसीमाभित्र भुक्तानी सम्पन्न गर्न सकिने वातावरण सिर्जना गर्न महालेखा नियन्त्रकको कार्यालयसँग सुत्र प्रणाली यथाशीघ्र नियमित सञ्चालनमा ल्याउन आग्रह गरेका छन् । स्थानीय तहका प्रतिनिधि तथा कर्मचारीहरूले प्रणालीको समस्या तत्काल समाधान नभए विकास निर्माण, सेवा प्रवाह र वित्तीय व्यवस्थापनमा थप जटिलता उत्पन्न हुने चेतावनी दिएका छन् ।

# महिलाको शव फेला पर्‍यो

**टुडे समाचारदाता**

रौतहट । रौतहटको राजपुर नगरपालिकास्थित एक नहरमा एक युवतीको शव बिहीवार बिहान फेला परेको छ। घटनापछि प्रहरीले शवको मुचुल्का उठाएर पोस्टमार्टमका लागि पठाउँदै मृत्युको कारणबारे अनुसन्धान थालिएको जनाएको छ।

प्रहरीका अनुसार बिहान ७ :२० बजे राजपुर नगरपालिका-३ अन्तर्गत राजपुर-फतुवा सडकखण्ड छेउको नहरमा महिलाको शव देखिएको भन्ने सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय राजपुर र जिल्ला प्रहरी कार्यालय रौतहटबाट अपराध अनुसन्धान टोली घटनास्थल पुगेको थियो।

मृतक युवती परोहा नगरपालिका-५ निवासी शेख मोबिनकी २४ वर्षीया श्रीमती मुस्कान खातुनका रूपमा पहिचान गरिएको प्रहरीले जनाएको छ। आवश्यक कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार प्रारम्भिक निरीक्षणका क्रममा मृतकको शरीरमा कुनै बाहिरी चोटपटक देखिएको छैन। उनले मुस्कान यसअघि पनि घरबाट हराएकी थिइन् र त्यसबेला उनको खोजीका लागि प्रहरीमा निवेदनसमेत परेको जानकारी दिए।

प्रहरीले घटनालाई शंकास्पद मृत्युका रूपमा अनुसन्धान गरिरहेको जनाएको छ। मृत्युको वास्तविक कारण पोस्टमार्टम प्रतिवेदन प्राप्त भएपछि मात्र स्पष्ट हुने डीएसपी गौतमले बताए।

# साप्ताहिक पत्रिकालाई पनि विज्ञापन

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले वितरण गर्दै आएको लोककल्याणकारी सूचना अबदेखि स्थानीय साप्ताहिक पत्रपत्रिकालाई पनि दिने भन्ने निर्णय गरेको छ।

आमसञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिले यसअघिको व्यवस्था संशोधन गर्दै साप्ताहिक पत्रपत्रिकालाई पनि सूचीकरणका लागि आह्वान गर्ने निर्णय गरेसँगै स्थानीय सञ्चारमाध्यमले नयाँ अवसर पाएको छ।

यसअघि महानगरपालिकाले साप्ताहिक पत्रपत्रिकालाई सूचीकरण नगर्ने व्यवस्था गरेको थियो। त्यसका कारण स्थानीय साप्ताहिक सञ्चारमाध्यमहरू लोककल्याणकारी सूचना प्रकाशन गर्ने अधिकारबाट वञ्चित भएका थिए।

नेपाल पत्रकार महासंघ लगायत सञ्चार क्षेत्रका सरोकारवालाले उक्त व्यवस्था महानगरकै आमसञ्चारसम्बन्धी ऐन तथा प्रचलित कानुनी व्यवस्थाविपरीत रहेको भन्दै संशोधन गर्न निरन्तर माग गर्दै आएका थिए।

आमसञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिका संयोजक शत्रुधन नेपालको अध्यक्षतामा बसेको बैठकले अघिल्लो निर्णय परिमार्जन गर्दै स्थानीय साप्ताहिक पत्रपत्रिकालाई पनि सूचीकरण प्रक्रियामा सहभागी गराउने निर्णय गरेको हो।

वीरगञ्ज महानगरपालिकाका कार्यवाहक प्रमुख इम्तियाज आलमले स्थानीय सञ्चारमाध्यमको संरक्षण, प्रवर्द्धन र सुदृढीकरणमा महानगर सधैँ सकारात्मक रहेको बताए। उनका अनुसार सञ्चारमाध्यम लोकतन्त्र र सुशासनको महत्वपूर्ण आधार भएकाले कानुनले व्यवस्था गरेअनुसार सबै सञ्चारमाध्यमलाई समान अवसर उपलब्ध गराउने नीति महानगरले अवलम्बन गरेको छ।

महानगरपालिकाको निर्णयसँगै वीरगञ्जबाट नियमित रूपमा प्रकाशन हुँदै आएका दर्जनौँ स्थानीय साप्ताहिक पत्रपत्रिका अब सूचीकरण प्रक्रियामा सहभागी हुन पाउने भएका छन्। यसबाट ती सञ्चारमाध्यम तथा तिनमा आबद्ध श्रमजीवी पत्रकार प्रत्यक्ष रूपमा लाभान्वित हुने उनको भनाई छ।

# सीमापार मल तस्करीमा भारतको ठूलो अपरेसन

**टुडे समाचारदाता**

रौतहट । बारा-रौतहटसँग सीमा जोडिएको भारतको बिहार राज्यको पूर्वी चम्पारण जिल्लामा मल तस्करी र नक्कली मल उत्पादनमा संलग्न गिरोहमाथि कारबाही गरिएको छ।



संयुक्त सुरक्षा टोलीले सञ्चालन गरेको विशेष अपरेसनमा २ हजार बोरा अवैध रासायनिक मल बरामद हुनुका साथै नक्कली डीएपी मल उत्पादन भइरहेको कारखाना फेला पारी कानुनी प्रक्रिया अघि बढाइएको छ।

जिल्ला कृषि पदाधिकारी मनीष कुमार सिंहको नेतृत्वमा सशस्त्र सीमा बल (एसएसबी)को ७१ औं बटालियन र स्थानीय प्रहरीले मंगलबार मध्यराति बनकटवा प्रखण्डका बडहरवा, रेगनिया, आठमोहन र बीजबनी गाउँमा एकैसाथ छापामारी गरेका थिए । कारबाहीका क्रममा तस्करीका लागि गोदाममा लुकाई छिपाई राखिएको २ हजार बोरा अवैध मल नियन्त्रणमा लिइएको भारतीय अधिकारीहरूले बताएका छन्।

छापाका क्रममा अगरवा गाउँमा नक्कली डीएपी मल उत्पादन भइरहेको कारखाना पनि फेला परेको छ। प्रारम्भिक अनुसन्धान अनुसार उक्त कारखानाबाट उत्पादन गरिएको नक्कली मल सीमावर्ती बजारमा बिक्री गर्नुका साथै नेपालतर्फका बारा र रौतहटसम्म तस्करी गरेर पुर्‍याइँदै आएको आशंका गरिएको छ।

घटनामा संलग्न रहेको आरोपमा जावेद अन्सारी, विश्वनाथ राय, सिकन्दर राय, सिखु राय र सुधीर रायविरुद्ध मल तस्करी तथा अवैध भण्डारणसम्बन्धी मुद्दा दर्ता गरिएको छ। यस्तै, नक्कली डीएपी उत्पादन गरेको आरोपमा प्रमोद राय र मदन रायविरुद्ध पनि कानुनी कारबाही अघि बढाइएको प्रशासनले जनाएको छ। यसअघि पनि बनकटवा, आदापुर, छौडादानो र घोडासहन क्षेत्रका १४ वटा मल बिक्री केन्द्रलाई कालोसूचीमा राखिएको थियो। प्रशासनले सीमावर्ती क्षेत्रमा मलको अवैध कारोबार नियन्त्रण गर्न निगरानी र कारबाहीलाई थप कडा बनाइने जनाएको छ।

पूर्वी चम्पारणसँग बारा र रौतहटको खुला सीमा जोडिएकाले त्यहाँ हुने मल तस्करी र नक्कली मलको कारोबारले नेपाली किसान पनि प्रभावित हुने जोखिम बढेको छ। खेतीपातीको मुख्य समयमा सस्तो मूल्यको प्रलोभनमा यस्ता नक्कली मल नेपाल भित्रिने सम्भावना रहने भएकाले सीमामा निगरानी थप निगरानी बढाइएको छ।

# कर्मचारीहरुले लेखा शाखामै गरे तालाबन्दी

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाको लेखाशाखामा आर्थिक वर्षको अन्तिम दिन कर्मचारीले तालाबन्दी गरेपछि तलब भुक्तानीसहित अन्य आर्थिक कारोबार प्रभावित भएको छ।



दुई महिनादेखि तलब नपाएको भन्दै दैनिक ज्यालादारी, करार तथा केही स्थायी कर्मचारीले संयुक्त रूपमा लेखा शाखामा तालाबन्दी गरेका हुन्। महानगरको आन्तरिक राजस्व अपेक्षाअनुसार संकलन हुन नसकेपछि स्थायी कर्मचारीलाई मात्र एक महिनाको तलब दिने तयारी भइरहेको सूचना पाएपछि अन्य कर्मचारी असन्तुष्ट बनेका थिए।

त्यसपछि करार, दैनिक ज्यालादारी र केही स्थायी कर्मचारीले लेखा शाखामा तालाबन्दी गर्दै सबै कर्मचारीलाई समान रूपमा तलब भुक्तानी गर्न माग गरेका छन्।

लेखा अधिकृत रुपनारायण राउतका अनुसार स्थायी कर्मचारीको जेठ महिनाको तलब भुक्तानीका लागि भौचर तयार भइसकेको अवस्थामा कर्मचारीले तालाबन्दी गरेपछि प्रक्रिया रोकिएको हो। उनका अनुसार महानगरको मासिक तलब-भत्ता खर्च करिब ३ करोड ८६ लाख रुपैयाँ पुग्छ।

तालाबन्दीपछि कार्यवाहक प्रमुख इम्तियाज आलम र आन्दोलनरत कर्मचारीबीच समाधानका लागि छलफल जारी रहेको जनाइएको छ।

आर्थिक वर्षको अन्तिम दिन भएकाले संघीय सरकारबाट प्राप्त शिक्षा तथा स्वास्थ्यतर्फको सशर्त अनुदान समयमै भुक्तानी हुन नसके वीरगञ्ज महानगरलाई थप आर्थिक क्षति बेहोर्नुपर्ने अवस्था अहिले रहेको छ। महानगरका एक कर्मचारीका अनुसार उक्त रकम खर्च नभए करिब ७ करोड रुपैयाँ बराबरको आन्तरिक स्रोतमा समेत असर पर्ने सम्भावना रहेको छ।

आर्थिक ऐनअनुसार संघीय प्रणालीमा समावेश भएका सशर्त कार्यक्रमको बजेट असार २५ गते राति १२ बजेसम्म अनिवार्य रूपमा भुक्तानी गरिसक्नुपर्ने कानुनी व्यवस्था छ । तोकिएको समयभित्र भुक्तानी हुन नसके खर्च हुन नसकेको सशर्त अनुदान संघीय तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने लेखा अधिकृत राउतले बताएका छन्।

हाल स्थायी कर्मचारीका लागि करिब १ करोड ७० लाख रुपैयाँ बराबरको तलब भुक्तानीका लागि भौचर तयार भइसकेको छ । आन्दोलनरत कर्मचारीले भने करार, दैनिक ज्यालादारी र स्थायी सबै कर्मचारीको जेठ महिनासम्मको तलब एकैपटक भुक्तानी गर्ने सुनिश्चितता भए मात्र तालाबन्दी खोल्ने अडान लिएका छन्।

# गरुडा-कटहरिया सडकको हाल बेहाल

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको गरुडा-कटहरिया सडक वर्षौंदेखि जीर्ण बन्दै गएपछि यस क्षेत्रमा यात्रा गर्ने सर्वसाधारण, विद्यार्थी, किसान, व्यापारी तथा बिरामी सास्ती भोग्न बाध्य भएका छन्।



सडकको अवस्था झन् बिग्रँदै जाँदा स्थानीयवासीले तत्काल मर्मत-सम्भार नगरे वर्षायाममा सडक पूर्ण रूपमा अवरुद्ध हुन सक्ने चेतावनी दिएका छन् स्थानीयका अनुसार सडकका विभिन्न स्थानमा दुईदेखि तीन फिटसम्म गहिरा खाल्डाखुल्डी बनेका छन्।

वर्षा भएपछि ती खाल्डामा पानी र हिलो भरिने भएकाले सवारी साधन फस्ने, दुर्घटना बढ्ने र यात्रुहरूले घण्टौंसम्म सास्ती खेप्नुपर्ने अवस्था रहेको छ । सडकको अधिकांश कालोपत्रे उप्किएपछि सुक्खा मौसममा अत्यधिक धुलो उड्ने गरेको छ। धुलोका कारण सडक किनारका बासिन्दाको स्वास्थ्यमा प्रतिकूल असर परेको, घर-पसल धुलाम्मे हुने तथा वातावरण प्रदूषित बन्दै गएको स्थानीयको गुनासो छ।

झाँझपुल-कटहरिया-बिर्ता सडक रौतहटको सदरमुकाम गौर तथा सर्लाही जोड्ने प्रमुख सडकमध्ये एक हो। दैनिक हजारौं यात्रु र सयौं सवारी साधन सञ्चालन हुने यस सडकको दयनीय अवस्थाका कारण छोटो दूरी पार गर्नसमेत निकै समय लाग्ने गरेको यात्रुहरू बताउँछन्।

व्यवसायीहरूका अनुसार बिग्रिएको सडकका कारण ढुवानी खर्च बढेको, सवारी साधन बारम्बार बिग्रिने तथा व्यापार व्यवसायमा प्रत्यक्ष असर परेको छ। किसानहरूले पनि कृषि उपज समयमै बजारसम्म पुर्‍याउन नसक्दा आर्थिक नोक्सानी व्यहोर्नुपरेको बताएका छन्।

विशेषगरी मोटरसाइकल चालकहरू सबैभन्दा बढी जोखिममा रहेको स्थानीयको भनाइ छ। वर्षा हुँदा खाल्डाखुल्डी पानीले ढाकिने भएकाले दुर्घटनाको सम्भावना झन् बढ्ने गरेको उनीहरूको अनुभव छ। एम्बुलेन्स, विद्यालय बस तथा सार्वजनिक यातायातसमेत सहज रूपमा सञ्चालन हुन नसक्दा स्थानीय जनजीवन प्रभावित बनेको छ । कटहरिया नगरपालिका-४ का वडा अध्यक्ष चन्दन कुशवाहाले झाँझपुल-कटहरिया-बिर्ता सडक हजारौं नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको भन्दै तत्काल मर्मत आवश्यक रहेको बताए।

उनले भने, "वर्षौंदेखि सडक जीर्ण अवस्थामा रहे पनि सम्बन्धित निकायबाट अपेक्षित ध्यान दिइएको छैन।

वर्षायाममा हिलो, पानी र खाल्डाखुल्डीका कारण यात्रु, विद्यार्थी, बिरामी तथा किसान सबैभन्दा बढी समस्यामा परेका छन्। सुरक्षित र सहज आवागमनका लागि तत्काल मर्मत-सम्भार गरिनुपर्छ।"

स्थानीयवासीले पटक-पटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा पनि ठोस पहल नभएको गुनासो गरेका छन्। उनीहरूले वर्षायामअघि नै खाल्डाखुल्डी पुर्ने, प्रभावकारी पानी निकासको व्यवस्था गर्ने र दीर्घकालीन रूपमा सडक स्तरोन्नति गरी गुणस्तरीय कालोपत्रे निर्माण गर्न माग गरेका छन्।

समयमै मर्मत कार्य सुरु नभए चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने चेतावनी समेत स्थानीयले दिएका छन्।

# सर्पदंश र रेबिज भ्याक्सीनको आभाव

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका अधिकांश अस्पतालमा सर्पदंशको औषधी र जनावरको टोकाइमा प्रयोग हुने रेबिजविरुद्धको भ्याक्सिनको अभाव बढेको छ।

सर्पदंशको उपचारमा प्रयोग हुने एन्टिस्नेक भेनम सिरम र कुकुर लगायतका जनावरको टोकाइबाट हुने सङ्क्रमण रोक्न प्रयोग गरिने एन्टिरेबिज भ्याक्सिनको केही समयतादेखि अभाव बढेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मधेश प्रदशका सचिव डा. प्रमोद यादवले समयमै आपूर्ति हुन नसक्दा एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिनको अभाव भएको बताएका छन।

उनले केही अस्पतालमा सीमित मात्रामा एन्टि स्नेक भेनम तथा एन्टिरेबिज भ्याक्सिन मौज्दात रहे पनि अधिकांश स्थानमा मौज्दात सकिने अवस्थामा पुगेको जानकारी दिएका छन्। उनले भने, "कतिपय स्वास्थ्य संस्थामा सीमित मौज्दात छ भने धेरैजसोमा निकै कम मात्रामा छ।"

मधेश प्रदेशमा हाल २७ वटा अस्पतालबाट सर्पदंशको उपचार सेवा सञ्चालन हुँदै आएको छ । वर्षायामसँगै सर्पदंशका घटना बढिरहेका बेला प्रतिविषको अभाव हुँदा उपचार सेवा प्रभावित हुने र बिरामीको ज्यान जोखिममा पर्ने चिन्ता बढेको उनको भनाई छ।

यस अवधिमा खेतबारी, बस्ती र पानी जम्ने क्षेत्रमा सर्पको सक्रियता बढ्ने भएकाले उपचारका लागि एन्टिस्नेक भेनम आवश्यक भएको सचिव यादवले बताए। प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार हाल सबैभन्दा बढी प्रादेशिक अस्पताल जनकपुरमा एन्टिस्नेक भेनम ३५० भाइल मौज्दात रहेको छ।

तर, प्रादेशिक अस्पताल कलैया, धनुषाधाम नगरपालिका अस्पताल (धनुषा), तथा गौशाला नगर अस्पताल (महोत्तरी) मा एन्टिस्नेक भेनमको मौज्दात शून्य रहेको छ।

त्यसैगरी सात वटा अस्पतालमा २०/२० भाइलका दरले मात्र मौज्दात रहेको छ । प्रादेशिक अस्पताल मलंगवामा २५०, प्रादेशिक अस्पताल सिराहामा १५०, सर्पदंश उपचार केन्द्र नवलपुरमा २१०, सर्पदंश उपचार केन्द्र बर्दिवासमा १५०, चोहर्वा सर्पदंश उपचार केन्द्र सिरहामा २१० तथा अन्य स्वास्थ्य संस्थामा सय वा सोभन्दा कम भाइल मौज्दात रहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सचिव डा. यादवका अनुसार सर्पदंशको एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन खरिदका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अर्थ मन्त्रालयसँग दुई/दुई करोड रुपियाँका दरले चार करोड रुपियाँ माग गरिएको छ । तर, बजेट निकासा हुन नसक्दा खरिद प्रक्रिया अघि बढ्न नसकेको उनको भनाई छ।

मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन नेपाली बजारमा पर्याप्त मात्रामा उपलब्ध नरहेको बताउँदै उपलब्ध हुनेबित्तिकै खरिद प्रक्रिया अघि बढाउने बताए।

संघीय स्वास्थ्य निकायबाट खरिद तथा आपूर्तिमा भएको ढिलाइका कारण प्रदेश तथा स्थानीय तहअन्तर्गत सञ्चालित अस्पतालत समेतमा एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिनको आभाव भएको हो।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८